वर्ष : १६, अंक : ३, काठमाडौं, २०७७ वैशाख १९ गते शुक्रवार, 1 May 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## राष्ट्रपतीय प्रणालीको विरोधमा मधेश उभिनु पर्दछ : सरिता गिरी



काठमाडौं । नवगठित जनता समाजवादी पार्टी नेपालकी नेतृ तथा प्रतिनिधिसभा सदस्य सरिता गिरीले राष्ट्रपतीय प्रणालीको विरोधमा मधेश उभिनुपर्ने धारणा राखेकी छन् । उनले सामाजिक सञ्जालमा एक स्ट्याटस पोष्ट गर्दै भनेकी छन्, 'अब मधेश केन्द्रित जनता समाजवादी दल प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीको एजेन्डालाई अस्वीकार गर्नु पर्दछ । सत्ता केन्द्रिकृत भएको अवस्थामा पहिलो प्रहार मधेश माथि नै भयो ।' राष्ट्रपतीय प्रणालीमा कुनै मधेशी कहिल्यै राष्ट्रपति बन्न नसकने दाबी नेतृ गिरीले गरेकी छन् । 'संसदीय प्रणलीमा निरंकुशताले टाउको उठाउन खोज्दा थाहा पाइन्छ । टाउको कुल्चिने उपाय पनि उपलब्ध हुन्छ ।' उनले भनेकी छन् ।
'राष्ट्रपतीय प्रणालीमा त्यस्तो हुंदैन र निरंकुशता जन्मिन्छ र संस्थागत हुन्छ ।' उनले थपेकी छन्, 'संसदीय प्रणालीमा मधेशी प्रधानमन्त्री पनि हुन सक्दछ ।' नेपालमा लोकतन्त्र मधेशी मतदाता र दलहरूले नै बचाएको दाबी गरेकी छन् ।

## ईन्जिनियर जनमत संघ गठन

काठमाडौं । देशलाई समृद्ध बनाउन तथा इन्जिनियरहरूको हकहित सुरक्षित गर्न भिडियो कन्फरेन्स मार्फत् ई. दीपक कुमार साहको अध्यक्षतामा विभिन्न जिल्लाका ईन्जिनियरहरूसँग बैठक सम्पन्न गरी ई. नरेन्द्र प्रसाद चौधरीको संयोजकत्वमा ३५३ सदस्यीय "ईन्जिनियर जनमत संघ केन्द्रीय तदर्थ समिति" गठन गरिएको छ । यस तदर्थ समितिले आवश्यक उपसमितिहरू बनाई ६ महिनाभित्र यस संघको विधान तथा घोषणापत्र समेत तैयार गर्दै अधिवेशन मार्फत् ईन्जिनियर जनमत संघ गठन गर्ने जिम्मेवारी पाएको छ । कपिलवस्तु जिल्ला घर रहेको ई. नरेन्द्र प्रसाद चौधरी विगत २२ वर्षदेखि हाइड्रोपावर क्षेत्रमा ईन्जिनियरिङ्ग पेशामा आबद्ध हुँदै विभिन्न सामाजिक सेवा गर्दे आइरहेका छन् । उनी विभिन्न तालिम र सेमिनारको क्रममा ईटली, अफ्रिका, थाइल्याण्ड, भारत लगायतकका देशहरू भ्रमण गरेका छन् । "ईन्जिनियर जनमत संघ" देशलाई समृद्ध बनाउन आवश्यक योजना बनाउन, ईन्जिनियरिङ्ग पेशाका गुणस्तर बढाउन, ईन्जिनियरहरूको हक-हितको लागि संघर्ष गर्न तथा उनीहरूलाई अन्तर्राष्ट्रिय स्तरको सेवा सुविधा उपलब्ध गराउन काम गर्ने गैरसरकारी सामाजिक संस्था हो ।

# प्रदेश २ को नीति तथा कार्यक्रमका लागि छलफल

### 'खेतखेतमा पानी र हातहातमा काम'लाई निरन्तरता दिइने



जनकपुरधाम । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका लागि प्रदेश २ सरकारले छलफल सुरू गरेको छ । छलफलमा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई निरन्तरता दिने र आगामी वर्षको आवका लागि सरोकारवालाहरूसँग परामर्श गरिएको छ । प्रदेश सरकारको लोकप्रिय कार्यक्रमको रूपमा रहेको 'खेतखेतमा पानी र हातहातमा काम' नारालाई अगाडि बढाउने गरी आगामी वर्षको नीति तथा कार्यक्रममा छलफल सुरू गरेको हो । मंगलबार सरोकारवालाहरूसँग भएको छलफलमा प्रदेश २ का भौतिक योजनामन्त्री जितेन्द्र सोनलले किसानहरूको सहजतालाई मध्यनगर गर्दै नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको बताएका छन् ।
उनले भने, 'किसानको खेतबारीमा पानी कसरी पुर्याउन सकिन्छ भन्ने विषयमा सम्बन्धित निकायसँग छलफल भएको छ । आगामी नीति तथा कार्यक्रमका विषयमा पनि छलफल भएको छ । चालु वर्षको योजनाहरूलाई पनि निरन्तरता दिने भइएको छ। र, थप योजनाहरूका पनि ल्याउने प्रयासमा छौं ।'
मन्त्री सोनलले किसानहरूलाई प्रदान गरिने ट्यूबेललगायत कतिपय बहुवर्षीय योजनाहरूको विषयमा पनि छलफल भएको जानकारी गराए । भौतिक पूर्वाधार विकाससहित कृषि क्षेत्रमा पनि नयाँ योजनाहरू ल्याउने तयारी भइरहेको जनाइएको छ ।
प्रदेश २ मुख्य रूपले किसानहरूको प्रदेश हो । आर्थिक समृद्धिका लागि कृषिमा आमूल परिवर्तन जरूरी छ । तर, बजेटमा पर्याप्त रकम विनियोजन गरिएको देखिएको छैन । कृषि क्षेत्रमा विनियोजन गरिएको रकम किसानसम्म पुग्छ कि पुग्दैन हेर्न बाँकी छ । बजेटमा दृष्टिकोण र प्राथमिकता निर्धारण गर्न नसक्दा समस्या आएको छ । वर्तमान परिवेशमा हिजोको ढाँचामा बजेट तय गर्नुपर्ने आवश्यक्ता नै छैन । ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य प्राप्तिका लागि कृषि प्रधान अर्थतन्त्रलाई तीव्र आर्थिक वृद्धि गर्नुपर्ने अहिलेको प्राथमिकतामा सरकारले कृषिको अन्न भण्डार मधेशका लागि गतिलो कार्यक्रम ल्याउन सकेन ।

## सरकारविरूद्ध लोकतन्त्रवादी शक्तिहरू संघर्ष गर्ने निर्णय

काठमाडौं । कम्युनिष्ट नेतृत्वको सरकारविरूद्ध लोकतन्त्रवादी शक्तिहरू एकताबद्ध भई संघर्ष गर्ने निर्णय गरिएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकारविरूद्ध संयुक्त संघर्ष गर्ने सहमति गरेका छन् । सोमबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा तीन दलबीच भएको छलफलले संयुक्त रूपमा संघर्ष गर्ने निर्णय गरेको हो ।
तीनै दलले जारी गरेको संयुक्त वक्तव्यमा सरकार लोकतान्त्रिक मूल्यमान्यतालाई कुल्चिँदै स्वेच्छाचारी भएकाले संयुक्त संघर्ष गर्ने प्रतिबद्धता जनाएका छन् ।
जसपा सांसद डा.सुरेन्द्र यादवको अपहरण प्रकरणमा संलग्नलाई कारबाहीको माग गर्नुका साथै लकडाउन अवधिमा जनताको आवश्यकता पूर्ति गर्न र कोरोना परीक्षण प्रक्रिया तीव्र बनाउन माग गरेको छ । बैठकमा कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द्र निधि र विजय गच्छदारलगायत नेता सहभागी थिए भने जसपाबाट महन्थ ठाकुर, डा.बाबुराम भट्टराई, उपेन्द्र यादव र राजेन्द्र महतो तथा राप्रपाबाट प्रकाशचन्द्र लोहनी सहभागी थिए ।

समय सन्दर्भ

आङ्काजी शेर्पा



## एकीकरण नभएको भए समाजवादी फुट्थ्यो

डा.सुरेन्द्र यादव अपहरण प्रकरणमा हामीले प्रहरी कार्यालय टेकुमा जाहेरी दर्ता गराउन जाँदा प्रधानमन्त्री केपी शर्मा ओलीको ठाडो निर्देशनमा प्रहरीले जाहेरी नलिएको हो । प्रहरीले जाहेरी नलिइसकेपछि त्यसपछिको कानूनी बाटो भनेको सरकारी वकिलको कार्यालयमा गएर मुद्दा दर्ता गर्न सकिनेछ । यदि सरकारी वकिलले पनि मुद्दा नलिएको खण्डमा आरोपितहरूलाई गिरफ्तार गरी पाउँ भन्नका लागि अथवा आरोपितहरूको विरूद्धमा मुद्दा दर्ता गर्नका लागि जिल्ला अदालत अथवा सर्वोच्च अदालतमा परमादेशका लागि रिट हाल्न सकिन्छ । प्रमाणित भएको खण्डमा प्रहरीले आरोपितहरूलाई गिरफ्तार गर्ने अवस्था आउन सक्छ ।

हाम्रा शीर्ष नेताहरू कानूनी परामर्शमा जुटिसक्नुभएको छ । हाम्रा कानूनी सल्लाहकारहरू डा.सुरेन्द्र यादवसँग परामर्श गर्दै हुनुहुन्छ । सम्भवतः भोलिसम्म अन्य कानूनी प्रक्रियामा जान्छौं । यदि आवश्यक परेको खण्डमा मानवअधिकार आयोगलगायत अन्तर्राष्ट्रिय निकायहरूमा पनि यो कुरा उठाउन सकिन्छ । मानव बन्धक बनाएर ओसारपसारमा सरकार आफैले छानबिन गर्नुपर्ने अवस्थामा उल्टो त्यसको संरक्षण गरिरहेको छ । एउटा सांसदले आफ्नो परिवारको जीउज्यान खतरामा छ भनिरहनुभएको छ । किनभने अपहरणमा संलग्न भनिएका आरोपितहरू असाध्यै व्यक्तित्वहरू छन् । विगतमा पनि इन्काउन्टरमा धेरै मानिसहरूको हत्या गराएका छन् । यस्तो अवस्थामा पनि हाम्रो मुद्दा दर्ता हुँदैन भने भोली सदनमा कुरा उठाउनुपर्ने हुन्छ, सडक आन्दोलन गर्नुपर्ने हुन्छ । न्यायका लागि हामी अन्तिम क्षणसम्म लडिरहन्छौं ।

पीडितले आफ्नो बयान दिइसकेपछि, उहाँको अहिलेसम्मको बयानअनुसार र कानूनको व्याख्याअनुसार पनि यदि कुनै व्यक्तिलाई उसको इच्छाविपरीत एक ठाउँबाट अर्को ठाउँमा लान्छ भने त्यो शारिरीक बन्धक, अपहरण नै हुन्छ । उहाँको आरोप सही छ वा छैन, सर्वेन्द्र खनाल, महेश बस्नेत र किशन श्रेष्ठ आरोपितहरू यसरी खुल्मखुल्ला घुम्न पाउँछन् कि पाउँदैन यसको अन्तिम टुंगो त न्यायालयले लगाउने हो । न्यायालयमा हामी आफ्नो कुरा राख्छौं, हाम्रो पक्षमा प्रमाण जुट्छ कि जुट्दैन त्यसपछि सम्मानित अदालतबाट टुंगो लगाउने कुरा हो ।

प्रदीप यादव यो देशको न्यायाधीश पनि होइन । उहाँ पीडक पनि होइन । यदि कोही महिला बलात्कृत भएको छ भने त्यो पीडितले बलात्कार भएको छ कि छैन भन्ने दाबी गर्ने हक पनि ती महिलालाई मात्रै हुन्छ । यसमा अरू कसैले विश्लेषण गर्ने वा अनुमान गर्ने अधिकार छैन । यसले गर्दा प्रदीप यादवले जे भनेपनि अहिलेको हकमा कानून र राज्यले पीडित भनेको डा.सुरेन्द्र कुमार यादव हो । जो मान्छे राति ४ बजे बन्धक बनाइएको होटलबाट भागिसकेपछि यो अपहरण हो कि होइन भन्ने कुरा रहेन । किनभने कानूनको व्याख्याले उहाँ अपहरणमा परेको स्पष्ट पार्छ । यस्तो अवस्थामा प्रदीप यादवले यस्तो अभिव्यक्ति दिनु उचित होइन । उहाँले कुन मनसायले यस्तो अभिव्यक्ति दिनुभएको हो, यो उहाँकै कुरा हो । अहिले कानूनले डा. सुरेन्द्र यादवकै अभिव्यक्तिलाई अपहरणको आधार हो भनेर जाहेरी लिनुपर्छ ।

प्रदीप यादव अपहरण घटनाको प्रत्यक्षदर्शी पनि होइन । प्रदीप यादव बस्छ कहाँ, डा.सुरेन्द्र यादव बस्छ कहाँ । त्यसकारणले प्रदीप यादव यदि प्रत्यक्षदर्शी हो भने त्यतिबेला उहाँ पनि त्यहाँ हुनुहुन्थ्यो भने मात्रै उहाँको अभिव्यक्तिले अर्थ राख्ला । तर, प्रदीप यादवले आफ्नो घरमा बसेर अनुमानको भरमा के-के भन्छन्, त्यसले कानूनी मान्यता त प्राप्त गर्दैन । हरेक पार्टीमा असन्तुष्टहरू अवश्य पनि हुन्छन् । ती असन्तुष्टहरूलाई सम्बोधन गर्ने, अवतरण गर्ने पार्टीभित्र कानूनी प्रक्रियाहरू छन् । हाम्रो पार्टीमा अनुशासन समिति, छानबिन समितिहरू छन् ।

समाजवादी फुट्ने कुरा होइन, समाजवादीलाई फुटाउने प्रयत्न भएको हो । तर, जसरी अध्यादेश आयो र पार्टी फुटको चर्चा पनि चल्यो र एकीकरण पनि भयो । जुन दिन समाजवादी सरकारबाट बाहिर आयो, त्यहीं दिनदेखि हाम्रो एकीकरणको प्रक्रिया तीव्र भएको थियो । कोरोना महामारीले गर्दा लकडाउन भएपछि एकीकरण रोकिएको थियो । अध्यादेश आएपछि सरकारलाई जवाफ दिनका लागि यो एकीकरण भयो ।

एकीकरण नभएको भए समाजवादी फुट्ने हाम्रो अनुमान रह्यो । तर, यथार्थले यस्तो भन्दैन । उहाँहरूको तयारी पुगेको देखिएन । समायोजनको जिम्मा गोकुल बाँस्कोटाले पाएका थिए । पार्टीभित्र असन्तुष्टहरू त छन् । तिनीहरूलाई उपसभामुख, दुईटा मन्त्री, दुईटा राज्यमन्त्री र अन्य नेताहरूलाई विभिन्न समितिका सभापति बनाउने प्रलोभनको योजनासहित जाल बुनिएको थियो । त्यो जालमा समाजवादीका असन्तुष्ट नेताहरू प्रलोभित भएर आउँछन् उहाँहरूलाई लागेको थियो, जुन कुरा सत्य भएन । रातारात हामी किन एकीकरण गर्यौं भन्ने कुरामा एकीकरण गर्ने हाम्रो कुरा त छँदै थियो ।



## सम्पादकीय

# कोरोना र कृषि

कोरोना भाइरसको संक्रमणले अहले विश्वव्यापी रूपमा त्रास निम्त्याएको छ। नेपाल पनि गत चैत ११ गतेदेखि लकडाउनमा छ र यो बैशाख २५ गतेसम्म जारी रहनेछ। यसले विश्व अर्थतन्त्रमा के/कस्तो दुष्प्रभाव पार्ला भनी अनेकौं आर्थिक प्रक्षेपण भइरहेका छन्। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० मा सन् १९३० पछिको ठूलो आर्थिक संकुचन आउने प्रक्षेपण सार्वजनिक गरेको छ। एसियाली विकास बैंकले कोरोनाका कारण विश्व अर्थतन्त्रमा ४१ अर्ब डलर क्षति हुने जनाएको छ। विश्व बैंकले नेपालजस्तो पर्यटन उद्योग र रेमिटेन्समा आधारित अर्थतन्त्रमा निकै ठूलो धक्का पर्ने चेतावनी दिएको छ। यसरी, नेपालको अर्थतन्त्रलाई कोरोनाले जरैदेखि हल्लाउने संकेत देखाइरहेको छ। यसले अर्थतन्त्रका सबै पक्ष र क्षेत्रले निराशाजनक स्थितिको पूर्वानुमान गरिरहेको अवस्थामा नेपालको कृषि र पशुपालनलगायतको क्षेत्रमा कोरोनाले अवसरको सन्देश प्रवाह गरेको छ।

हाल नेपालमा ६५ प्रतिशत रोजगारी कृषि क्षेत्रले दिएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत रहेको छ। मुलुकमा करिब ३५ लाख हेक्टर जमिन खेतीयोग्य भएको अनुमान छ। मुलुकको जमिन करिब सवा ३ करोड कित्तामा विभक्त छ। नेपालको वार्षिक खाद्यान्न उत्पादन १ करोड ६ लाख २९ हजार मेट्रिक टन छ। तरकारी बर्सेनि ४१ लाख ७६ हजार मेट्रिक टन उत्पादन हुन्छ। माछाको वार्षिक उत्पादन केवल ९३ हजार मेट्रिक टन छ। दूध बर्सेनि २२ लाख १३ हजार २ सय २ मेट्रिक टन उत्पादन हुने गरेको छ। यसैगरी, मासुको उत्पादन ३ लाख ७२

**कृषि उत्पादनको साथमा पशुपालनलाई पनि अघि बढाउनुपर्छ। मधेशका फाँटमा ठूलाठूला माछापोखरीको सम्भावना छ। मधेशका प्रत्येक किसानले फलफूल खेती पनि गर्ने वातावरण निर्माण गर्नुपर्छ। राज्य सञ्चालित कृषि फार्म र बागवानी फार्म किसान समूहलाई हस्तान्तरण गर्नुपर्छ।**

हजार २ सय २६ मेट्रिक टन छ। यो उत्पादन स्वयं नेपालका लागि पर्याप्त छैन। यसर्थ, कृषि उत्पादन वृद्धिले बहुआयामिक सम्भावना उजागर गर्ने निश्चित छ।

नेपालको कृषि उत्पादनलाई अर्गानिक उत्पादनमा रूपान्तरित गर्ने उचित मौका पनि यही हो। यसैबखत सरकारले कम्तीमा सात प्रदेशमा सातवटा प्रांगारिक मल कारखाना स्थापना गर्नुपर्छ। त्यसपछि रासायनिक मल आयात निषेध गर्नुपर्छ। रासायनिक विषादीको आयात र प्रयोगमा पनि रोक लगाउनुपर्छ। कृषक पाठशाला र आईपीएम विधि मुलुकभरि लागू गर्नुपर्छ। प्रत्येक किसान बस्तीमा स्वयं किसानले नै सञ्चालन गर्न सक्ने प्रयोगशाला स्थापना गर्नुपर्छ। किसान आफैंले माटो परीक्षण गर्ने र शत्रु जीव र मित्र जीव पहिचान गर्न सक्ने ज्ञान र सीप प्रदान गर्नुपर्छ। प्रत्येक गाउँमा कृषि उत्पादनको ग्रेडिङ गर्ने, पानीले सफा गर्ने, स्टोर गर्ने, प्याकेजिङ गर्ने लगायतका लघु उद्योग सञ्चालनमा ल्याउनुपर्छ। विषयगत सहकारीलाई उत्पादन र बजारका लागि उत्प्रेरित गर्नुपर्छ। सामूहिक खेती र सहकारी खेतीको अवधारणालाई अघि बढाउनुपर्छ। जमिनलाई चक्लाबन्दीमा लैजानुपर्छ। यसका लागि आँठोरहित ब्लकमा नापी गरी जग्गाको स्वामित्वको छुट्टै अभिलेख राख्नुपर्छ। यसबाट मात्रै नेपालमा कृषि आधुनिकीकरणको कार्य अघि बढ्नेछ। कृषि उत्पादनमा मेघा प्रोजेक्टको अवधारणा विकास हुनेछ।

कृषि उत्पादनको साथमा पशुपालनलाई पनि अघि बढाउनुपर्छ। मधेशका फाँटमा ठूलाठूला माछापोखरीको सम्भावना छ। मधेशका प्रत्येक किसानले फलफूल खेती पनि गर्ने वातावरण निर्माण गर्नुपर्छ। राज्य सञ्चालित कृषि फार्म र बागवानी फार्म किसान समूहलाई हस्तान्तरण गर्नुपर्छ। यर्थाथमा कृषि क्षेत्र अघि बढ्न नसकेको यसमा न्यूनतम पनि लगानी नगरेरै हो। आगामी आर्थिक वर्षको संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको कुल बजेटको २५ देखि ५० प्रतिशत बजेट कृषि क्षेत्रमा लगानी हुनुपर्छ।

लकडाउनका कारण आफनो उत्पादन विक्री गर्न असमर्थ भएका किसानलाई राहतका कार्यक्रमहरू घोषणा गर्ने, किसानहरूले उत्पादित बाली र अन्य कृषि उपजहरूको बिक्री वितरणको वातावरण तयार गराउने र दाना, चारा, मल, बीउ लगायतका कृषिका लागि आवश्यक सामग्रीको सुलभ रूपले उपलब्ध गराउन प्रदेश सरकारले पहलकदमी लिनु पर्दछ।

महामारीको समयमा किसान विशेष प्याकेज घोषणा गरी किसान समुदायलाई थप हौसलाका लागि मल, बिऊ, कृषि बिमा तथा कृषि औजारमा अनुदान वृद्धि गर्दै वास्तविक किसानले मात्र प्राप्त गर्नसक्ने अवस्थाको सिर्जना गर्न जरूरी छ। यसका साथै सरकारको कृषि क्रान्तिका कार्यक्रमरूलाई अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाई लागु गरी अगाडि बढाउनु पर्छ।

# प्रदेश २ को दक्षिणवर्ती क्षेत्रलाई मरूभूमि बनाउन राजनीतिकर्मीहरूको एकता !



**राकेश प्रसाद चौधरी**

कोरोना भाइरसबाट जोगिन सर्वसाधारण घरमा बस्न बाध्य भएको पहिलो हप्तामै मौका छोपेर ढुंगा, गिटी र वालुवा तस्करहरू नदी दोहनमा व्यस्थ भए। सर्वसाधारणले बिरोध गरेपछि महोत्तरीको गौशाला नगरपालिका १२ मा भइरहेको उत्खनन बन्द भयो। नगरप्रमुख शिवनाथ महतो तथा वडाअध्यक्ष किसुन विश्वकर्मामाथि जनदवाव बढ्दै गएपछि नदी उत्खन्न रोकिएको थियो। तस्करहरूले आफ्ना सवारीसाधन नदीबाट हटाएर लगेको स्थानीय बासिन्दाले बताए।

कोभिड१९ को चर्चा भइरहेको सरोफेरोमा चैत ८ गते धनुषाको गणेशमान चारनाथ नगरपालिका ६ का महादेव महतोलाई पक्डाऊ गरियो। महतोले बिना नविकरण कमला स्टोन क्सर उद्योग चलाइरहेका थिए। स्थानीय प्रशासनले कानून विपरीत कारोवार भइरहेको सुइको पाएपछि जिल्ला समन्वय समितिले अनुगमन गरि महतोलाई प्रहरी लगाएर पक्डाउने कारवाही अगाडि बढाएको थियो।

प्रदेश २ मा चुरे क्षेत्र हुँदै बग्ने नदीहरूबाट ढुंगा, गिटी र वालुवा जथाभावी झिकेकाले मधेसका दक्षिणी भेगमा भूमिगत जल सतह घट्नुका साथै भंगहा नगरपालिका क्षेत्रको अस्तित्व संकटमा परेको छ। मधेसको दक्षिणी भेगमा जलसंकट निम्त्याउनेहरूमा कानून बनाउने, पालना गर्ने/गराउने, राजनीतिकर्मी एवं जनप्रतिनिधिहरू नै संलग्न छन्।

अहिले प्रदेश स्तरमा क्रसर उद्योगीहरूको नेतृत्व बर्दिवासका व्यवसायी एवं राजनीतिकर्मी प्रह्लाद क्षत्रीले गरेका छन्। उनले बर्दिवास नगरपालिका एवं प्रदेश सभा सदस्यको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट उम्मेदवार भई पराजय भोगेका थिए। उनी क्रसर उद्योगी तथा खानी व्यवस्था महासंघ प्रदेश २ तदर्थ समितिका संयोजक छन्। उनी उद्योगी र व्यवसायीहरूको हकहितका लागि सक्रिय उद्योग वाणिज्य संघ बर्दिवासको पूर्व अध्यक्ष समेत हुन्।

प्रदेशस्तरका ढुंगा, गिटी र वालुवा व्यवसायीहरूले बर्दिवासलाई आफ्नो कारोवारको राजधानीको रूपमा प्रयोग गरिरहेका छन्। प्रदेशका अधिकांश क्रसर तथा वालुवा प्रशोधन केन्द्र पूर्व-पश्चिम राजमार्गबाट नजिक एवं पायक पर्ने ठाउँमा छन्।

तदर्थ समितिको सल्लाहकारमा सर्लाही निवासी शम्भू लाल क्षत्री छन्। उनी माओवादीका तर्फबाट संविधान सभा सदस्य चुनिएका थिए। हाल काँग्रेसको राजनीतिमा सक्रिय छन्। प्रदेश २ मा क्रसर व्यवसायीहरूको संगठनका संयोजक र सल्लाहकारमा नेपाली काँग्रेसका नेता छन्। स्थानीय बासिन्दाका अनुसार, नेपाली कांग्रेसले क्रसर व्यवसायीलाई संरक्षण दिएको छ।

तर क्रसर व्यवसायमा अरू पार्टीका नेता पनि छन्। वातावरण संरक्षणका लागि क्रसरहरू बिरूद्ध आन्दोलन थालेका धनुषा मिथिला नगरपालिका, श्रीनगरका २४ बर्षीय दिलीप भन्ने ओमप्रकाश महतोको पुस २४ गते हत्या भएको थियो। उनको हत्या गरेको अभियोगमा अदालती कारवाहीमा रहेका चुरियामाई वालुवा प्रशोधन उद्योग, औरहीका संचालक विपिन महतो नेपाल कम्युनिष्ट पार्टीका समर्थक रहेको स्थानीयले बताए। मृतक दिलीपको बुवाले महतोलाई उद्योग संचालनका लागि आफ्नो पाँच कठ्ठा जग्गा भाडामा दिएका थिए।

प्रदेश २ का जिल्ला समन्वय समितिहरूले सम्पूर्ण क्रसर तथा वालुवा प्रशोधन उद्योगहरूलाई आफ्ना स्थानीय गाउँपालिका र नगरपालिकामा 'स्टक' प्रमाणित गराउन माघ १० मा दिएको निर्देशन हालसम्म कार्यान्वयन भएको छैन। जिल्ला समन्वय समितिका संयोजक सुरेश प्रसाद सिंहले भने 'आ-आफ्नो क्षेत्रमा रहेका क्रसर र वालुवा प्रशोधन उद्योगको 'स्टक' विवरण नआउँदा त्यस व्यवसायमा गाउँपालिका/नगरपालिकाका पदाधिकारी अथवा कर्मचारीको संलग्नता पनि छ कि भन्ने शंका पनि लाग्छ। अर्को कुरा के हुनसक्छ भने ती पदाधिकारीभन्दा उद्योगीहरू बढी शक्तिशाली छन्।'

प्रदेशस्थित आन्तरिक मामिला तथा कानून मन्त्रालयले 'दिलीप हत्या काण्ड' लगत्तै प्रमुख जिल्ला अधिकारीहरूलाई नदीजन्य पदार्थको अवैध कारोवार रोक्न तथा त्यस्तो कारोबारसम्बन्धी जानकारी संकलन गर्न निर्देशन दिएको थियो। झण्डै दुई महिना वितिसक्दा समेत मन्त्रालयले नदीजन्य पदार्थको अवैध कारोबारसम्बन्धमा आधिकारिक जानकारी सार्वजनिक गरेको छैन। नदीजन्य पदार्थको कारोवारमा लगाम लगाउन खोज्दा कसर व्यवसायीहरूले आन्दोलन गर्दै कारोबार ठप्प पारेको जनाउँदै आएका छन्। समाजवादी पार्टीबाट प्रदेशसभा सदस्यमा निर्वाचित ज्ञानेन्द्र कुमार यादवले आन्तरिक मामिला तथा कानूनी मन्त्रालय सम्हाल्दै आएका छन्।

जिल्ला समन्वय समितिहरूले अवैध क्रसर उद्योग बन्द गराएको तथा त्यसको विरूद्धमा कसर व्यवसायीहरूले आफ्नो कारोबार ठप्प पारेको जनाए पनि महोत्तरी, धनुषालगायतका जिल्लाहरूमा नदीजन्य पदार्थको अवैध ओसारपसार गर्ने सवारीसाधन पक्राउ पर्न भने रोकिएको छैन। सुरक्षाकर्मीले यस्ता सवारी साधन नियन्त्रणमा लिएर जिल्ला समन्वय समितिको जिम्मा लगाउँदै आएको छ। तर समन्वय समितिहरूले गरेको कारवाही सार्वजनिक गर्ने गरिएको छैन।

माघ १९ गते राती ढल्केबार इलाका प्रहरी कार्यालयले कमला खोलाबाट पक्राउ गरेको नदीजन्य पदार्थ उत्खन्न तथा संकलन गर्ने मेसिनसहितको सवारीसाधन जनकपुर उपमहानगरपालिका १४ मुजेलियास्थित मिथिला कन्ट्रक्सनको थियो। सो कन्ट्रक्सनका संचालक उपेन्द्र साह राष्ट्रिय जनता पार्टीसँग आवद्ध छन्। त्यस्तै माघ २२ गते प्रहरीले महोत्तरीको समसीबाट गिटीसहित एउटा टिपर पक्राउ गरी जिल्ला समन्वय समितिलाई जानकारी गराएको थियो।

क्रसर उद्योगमा सिरहामा समाजवादी पार्टीका नेता विकेश्वर गोइत, नेकपा निकटका बिनोद साहसहितका राजनीतिक दल निकट व्यक्तिहरूको लगानी छ। धनुषाको गणेशमान चारनाथ नगरपालिका मेयर रामबाबु यादव र वडाअध्यक्ष रितेश कुमार सिंहको लगानी समेत क्रसर व्यवसायमा छ।

प्रदेश २ का क्रसर व्यवसायीहरू आन्दोलनमा रहे पनि नेकपाका नेता रामपुकार यादवले आफ्नो व्यापार चलाइरहेका छन्। फागुन ११ गते राती महोत्तरीको बर्दिवासस्थित मरहा खोलाबाट अबैध रूपमा ढुंगा बालुवा झिकिरहेको एक्स्काभेटर र दुईवटा ट्याक्टर प्रहरीले पक्डियो। नेता यादवले ढुंगाबालुवा निजी जग्गाबाट झिकेको दावी गरे। प्रहरीले पक्डिएको गाडी स्थानीय सरकारको कारवाहीपछि छाडिसकिएको छ।

**फरक फरक प्रमाण, पदाधिकारी नटेर्ने कर्मचारी**

**प्रदेशस्थित आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रमुख जिल्ला अधिकारीहरूलाई नदीजन्य पदार्थको अवैध कारोबार रोक्न पत्राचार गरेलगत्तै सुरक्षाकर्मीहरूमार्फत गोप्य रूपमा सूचना संकलन गरिएका छन्। जिल्ला समन्वय समितिसँग क्रसर** तथा वालुवा प्रशोधन उद्योगहरू घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता र नविकरण भएको तथ्यांक छन् भने प्रहरीसँग हाल उद्योग संचालन गरिरहेकाहरूको नामावली रहेको स्रोतले जनाएको छ।

गत माघको दोस्रो हप्तामा देशभरका करिब छ हजार क्रसर उद्योगहरूको अनुगमन र अध्ययन गर्न गृहमन्त्रालयको नेतृत्वमा पाँच सदस्यीय सहसचिवस्तरीय समिति गठन गरिएको थियो। तर हालसम्म यसका गतिविधि बाहिर आएका छैनन। जिल्लास्तरमा समन्वय समितिका संयोजकको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख अथवा प्रतिनिधि रहेको अनुगमन समितिको सक्रियता भने देखिएको छ। तर स्रोतका अनुसार बन्द भैसकेको, नविकरण नभएका उद्योगहरू नवीकरण भएका उद्योगजस्तै रातभर संचालित हुँदा अनुगमन समिति भने बेखबर बन्ने गरेका छन्। स्थानीय वासिन्दाले समेत ज्यान जाने डरले गर्दा गुनासो अथवा उजुरी गर्न सकेका छैनन।

गाउँ एवं नगरपालिकाको सिफारिसमा घरेलु तथा साना उद्योग कार्यालयले नदीजन्य एवं खानी पदार्थसँग सम्बन्धित उद्योग दर्ता गर्ने व्यवस्था छ। हाल यो कार्यालय प्रदेशस्तर उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मातहतमा छ। प्रदेशस्तरीय मन्त्री रामनरेश राय राष्ट्रिय जनता पार्टीका नेता छन्।

जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेश सिंहसँग माघ २३ गते समाचार प्रयोजनका लागि सूचना माग गर्दा जिल्ला समन्वय अधिकारीसँग परामर्श गर्दै उनले क्रसर र वालुवा प्रशोधन उद्योगसँग सम्बिन्धत निर्णय एवं सूचनाहरू दिन मिल्ने जानकारी दिएका थिए। समन्वय अधिकारी रामुराज कडरियाले सबै सूचना इमेलमा पठाइदिने आश्वासन दिएर पनि जानकारी दिएनन्। उनी पहिले महोत्तरीकै तत्कालिन जिल्ला बिकास समितिका स्थानीय विकास अधिकारी, गौशाला नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत थिए भने हाल जिल्ला समन्वय समिति तथा जलेश्वर नगरपालिका कार्यालयको समन्वय अधिकारी एवं प्रमुख प्रशासकीय अधिकृतको दोहरो भूमिकामा काम गर्दै आएका छन्। उनले जिल्लाका सबै राजनीतिक दलका नेताहरूसँग राम्रो सम्बन्ध बनाएको चर्चा सर्वत्र छ। उनै कडरियाको परामर्शमा महोत्तरी जिल्ला समन्वय समितिका प्रमुख सिंहले क्रसर र वालुवा प्रशोधन उद्योगसम्बन्धी निर्णय लिने गरेका छन्।

नेपाली काँग्रेस महोत्तरीका पूर्व सचिव बजरंग नेपालीले राजनीतिकर्मीहरूले गर्ने अवैध कमाईको लगानी नदीजन्य पदार्थको अवैध कारोबारमा लगाउने गरिएको चर्चा आफूले पनि सुन्ने गरेको बताए। कुनै एउटा पार्टीमा लागेका व्यक्तिको उद्योग छ भने अर्को पार्टीमा लागेका राजनीतिकर्मी संरक्षक र कारोबारका साझेदार रहने गरेकोले यस्ता कारोबार कुनै एउटा राजनीतिक दलका मानिसले मात्रै चलाउने गरेको कुरा सहजै स्विकार गर्ने अवस्था नरहेको जिकिर उनले गरे।

प्रदेशस्तरीय आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले नदीजन्य पदार्थको कारोबार व्यवस्थित गर्ने काम स्थानीय सरकारकै रहेको कुरा पत्रकार सम्मेलनमार्फत बताइआएका छन्।

प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी बेचन चौधरीलाई क्रसर उद्योगसँग सम्बन्धित सूचना पठाइदिन आग्रह गर्दा दुईमहिना वित्न लाग्दासम्म जवाफ आएको छैन।

कानूनी आधार, आन्दोलन र समाधान

प्रदेश २ को राजधानी जनकपुरमा माघ ५ गते भएको प्रदेशस्तरीय भेलामै केन्द्रिय अध्यक्ष उमेश शेरचनले क्रसर व्यवसायमा अवरोध भए सरकारलाई झुकाउने चेतावनी दिंदै यस व्यवसायमा कैयौं मेयर र सांसदहरू रहेको पोल खोलेका थिए। प्रदेशस्तरीय सम्मेलन अगावै माघ ३ गते व्यवसायीहरूले कानून सम्मत: रहेका उद्योगहरूको संचालन फुकुवा गर्न मुख्यमन्त्री लालबाबु राउत गद्दीलाई ज्ञापनपत्र बुझाएका थिए। प्रदेशमा दर्ता भएका तथा संचालित क्रसर तथा वालुवा प्रशोधन उद्योगको तथ्यांक उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको वेबसाइटमा छैन। साथै प्रदेश प्रहरी कार्यालयले समेत संकलन गरेको सूचना सार्वजनिक गरेको छैन।

प्रदेशभित्र झण्डै तीनसय क्रसर तथा वालुवा प्रशोधन उद्योगको कारोबार रहेकोमा पचास प्रतिशत राजमार्ग पायक केन्द्रित रहेको स्रोतको दावी छ। जिल्ला समन्व्य समितिहरूले धनुषामा आठ, सर्लाहीमा नौ, महोत्तरीमा १२, सिरहामा १० तथा अन्य जिल्लाहरूमा सोही अनुपातमा अवैध रूपमा संचालित क्रसर बन्द गर्न पत्राचार गरिसकेका छन्। यस्ता अवैध क्रसर र बालुवा उद्योगले गर्दा प्रदेश २ को पूर्व-पश्चिम राजमार्ग र त्यसको नजिकका नगर एवं गाउँपालिका अत्याधिक जोखिममा रहेको जिल्ला समन्वय समितिका संयोजक सिंहले बताए। तीमध्ये पनि महोत्तरीको भंगहा नगरपालिका सबैभन्दा बढी जोखिममा रहेको छ। स्थानीयवासिन्दाले प्रदेश २ का आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवलाई भंगहामा संचालित आधा दर्जन क्रसर बन्द गराउन आग्रह गरेपनि यसतर्फ ठोस पहल हुन सकेको छैन।

बालुवा ढुंगा झिक्दा बर्दिवास, गौशाला र भंगहा नगरपालिकाभित्र पानीका स्रोत संकटमा परेको बताउँदै प्रदेश २ मा केही दिनभित्रै खानेपानीको संकट आउन सक्ने संकेत प्रदेश २ का मध्यवर्ती क्षेत्रहरूमा देखिन थालेका छन्। पूर्व राष्ट्रपति डा.रामवरण यादवले विभिन्न सार्वजनिक कार्यक्रमहरूमा चुरे संरक्षण नभए मधेशे मरूभूमि हुने कुरालाई काँग्रेसी नेता एवं क्रसर व्यवसायीहरूले नमिठो मान्छन्। महोत्तरी जिल्ला समन्वय समितिका संयोजक सिंह, काग्रेसकै बजरंग नेपाली, नेकपाका रामकुमार शर्मासहितका नेताहरू पूर्व राष्ट्रपति यादवको बिचारसँग सहमत छन्। अर्कोतर्फ व्यवसायीक संरक्षणका लागि क्रसर उद्योगी तथा खानी व्यवस्था महासंघको प्रदेशस्तरीय कार्यालय बर्दिवासमा खोलेर गतिविधि बढाएका छन्।

प्रदेश सरकारले ढुंगाबालुवाको कारोबारमा लगाम कसिरहेका बेला महोत्तरीको बर्दिवास नगरपालिकाले फागुन ९ गते रातुको चार र मरहा, भप्सि एवं जंगाहा नदीको एक/एक ठाउँबाट नदीजन्य पदार्थ उत्खन्न, घाटगद्दी, विक्री वितरण तथा आन्तरिक निकासीको टेण्डर आह्वान गरेको थियो। ठेक्काको न्यूनतम रकम झण्डै सात करोड सत्तरी लाख रूपैया छ।

# कोरोना र राजनीति

**रमिला नेपाल**
**पि.एच.डि (समाजशास्त्र)**

हुन त कोरनाको राजनीति सूंग समन्ध हुदैन तर राजनीतिको कोरना सूंग समन्ध देखिएको छ। त्यसो त राजनीति एउटा यस्तो बिषय हो , जसको मानब जिबनको प्रत्येक पल र घटनाहरू सूंग समन्धित हुन्छ। यहि सन्दर्भमा भन्नु पर्दा हाम्रो मित्र राष्ट् भारतमा हेर्नु हुन्छ भने मोदी सरकारले आफु समक्ष देखा परेको सम्पूर्ण राजनैतिक बिरोधहरूलाई कोरना सँगै ठेगान लगाएको छ। बिरोध र बिरोधका स्वरहरू अबको लामो समय सम्म त्यहांउठ्न सक्ने अबस्था रहेन । त्यसको निम्ती प्रधानमन्त्री मोदी जनतालाई फकाउदै , प्रत्येक कुरामा दस औंला जोड्दै , उनिहरूका दैनिक जिबनका कुराहरू तथा कठिनाईहरू सम्बोधन गर्दै , बिरोधीहरू माथि कठोर साथ उत्रनु भयो। अब ति बिरोध र बिरोधका स्वरलाई लामो समय उठ्न सक्ने छैन। कोरना सूँ अब त्यहां नयां माहोलको सृजना भएको छ। बिगतका आलोचित क्रियाकलापहरू अब बिस्तारै हराएर जानेछ। किन भने जनता केही समय कोरनाको त्रासमा रहन्छ। करोडौ गरिबी जनता सरकारको सहायता कार्यक्रमबाट लाभाम्बित हुनेछन्। अन्य तहका ब्यक्तिहरू आफ्नो बिग्रेको आर्थिक स्थिती सुधार्नु तर्फ लाग्ने छन् । जसको प्रत्यक्ष फाईदा सरकारलाई हुनेछ। यसरी देशमा कोरनाको रूपमा देखा परेको समस्यालाई भारतका प्रधानमन्त्री मोदीजीले अवशरको रूपमा परिणत गर्नुभयो। भन्निन्छ नि , राजनीतिज्ञले घर आगो लाग्यो भनेर रोएर बस्दैन। त्यसको खरानी बेचेर , अर्को तिन वटा घर बनाउछ। भारतमा त्यस्तै भएको छ। यसको निम्ती बाटोहरू सरल थिएन। बिसाल देश , बिसाल जनसूंख्यालाई लकडाउन गर्नु के सरल उपाय थियो ? यसको निम्ती मोदी सूंग भारतलाई समग्रमा बुझेको सामजिक , आर्थिक , राजनैतिक भिजन थियो। मलाई त लाग्छ , मोदी सरकार त्यही भिजन अनुसार चलेको छ। हैन भने , एक अरब , तिस करोड जनतालाई लकडाउन गर्नु। अनि आफ्नो राजनैतिक स्वार्थ पुरा गर्नु चानचुने कुरा हैन।

चीनको समन्धमा भन्नुहुन्छ भने , कोरना भाईरसले उसलाई बिश्व रूंगमन्चमा अझ फैलाएको छ। हो , उनि माथी भाईरस फैलाएको , बनाएको भन्ने नचाहिने आरोप पनि लागेको छ। तर हामी त्यसता कुराहरूलाई बिश्वास गर्दैनौ। बरू उसले रोग आफ्नो देशमा फैलिदा एक्लै लड्नु पर्‍यो। तर जब बिश्वभर फैलियो। उनिहरू त्यस देशलाई सहयोग गर्न पहिले आफै पुगे। स्वस्थ सामग्रीहरू लगाएत आफ्ना अनुभब तथा कोरना सूंग समन्धित आफू सूंग भएका सम्पुर्ण समाग्रीहरूले सहयोग गरे। जसले गर्दा अब कोरना पछिको बिश्वको चित्र हेर्दा , चीनको बिश्व राजनीतिमा स्थान रहर लाग्दो छ। हो , उनिहरूले केही समय दुख पाए। तर त्यही दुखलाई उनिहरूले शक्तिको रूपमा परिणत गरे। यसको निम्ती उनिहरूको नेतृत्वले योजनाबद्ध रूपमा काम गरे। सोही अनुसारको , निर्देशनहरू दिए। आज त्यो देश कोरना बिरूद्धको लडाईमा सफल भएको छ भने आन्तरिक तथा बाहृय राजनीतिमा बिगतमा भन्दा अझ बलियो भएको देखिन्छ।

जहां सम्म अमेरिकाको कुरा छ। त्यहां लकडाउन खोल्न पर्छ भन्दा हाम्रो देशको सामाजिक सूंजालहरूमा यहांका बौद्धिक ब्यक्तित्वहरूले मोरा अमेरिकनहरू हामी भन्दा पनि मुर्ख रहेछन्। जस्तो नेतृत्व , त्यस्तै जनताहरू भन्ने जस्तो घारणाहरू राखेको पनि देखियो। हुन त म आफु पनि त्यहांको राष्ट्पतिका कातिपय राजनैतिक कुराहरू सूंग सहमत छैन। त्यस्तै शुरूका अवस्थामा जसरी कोरनालाई बुझियो र लिईयो। त्यस प्रति सहमत हुन सक्ने कुनै आधारनै देख्दिन। तर अहिले जून किसिमबाट कोरनालाई ब्यबहार गरिएको छ। त्यस प्रति भने पूर्णरूपमा सकारात्मकनै हुनु पर्दछ। किन भने , अमेरिका महाशक्ति राष्ट् हो। उ सूंग यो पृथ्वीलाई पचासौ पटक फुटाउन सक्ने आणबिक बमहरू छन्। त्यस्तै प्रकारका बमहरू बोकेर यो पृथ्वीमा अन्य राष्ट्हरू पनि क्षेप्यास्त्र तेस्याएर बसेको छ। आबश्यक्ता छ त केबल एउटा गतिलो आदेशको , बटम थिचियो भने , एउटै बमले लाखौ जनता केही सेकेन्डमा मर्नेछन्। जून पूर्बअनुमान गरेर बसेको छ। त्यसबाट बच्ने तयारी पनि त्यस देशहरूले गरेको छ। यस अर्थमा , त्यसता देशको नेतृत्व बर्गले कोरना देखी डराएर देशलाई बन्दाबन्दी गरेर , सम्पूर्ण अर्थब्यबस्था र राजनीति ध्वस्थ बनाउछ , बनाउपर्छ भन्ने कुरामा म आफु पनि विश्वास गर्दिन। हो , एउटा स्वास्थ बिज्ञले त्यसलाई पचाउन नसक्ला। त्यसमा मानबिय कुराहरू पनि आउछ। तर राजनीतिज्ञ भए पछि उसले सोच्ने छुट्टै तन्तुको बिकास गर्नुपर्ने हुन्छ। जून ट्रम्पले देखाएको छ। उनले केही स्वास्थ संग समन्धित अन्तराष्ट्रिय संस्थाहरूलाई दण्डित पनि गरेको छ। साहेद त्यसको बिकल्प पनि खोजिन्छ होला। जून कुरा समर्थन गर्न योग्य बिषय पनि हो। किन भने त्यस्ता धेरै घटनाहरू शुक्ष्म रूपमा देखा परेको छ। जसले कतै न कतै कोरनालाई त्यसता सूंगठनले आफ्नो संगठनिक स्वार्थको निम्ती प्रयोग गरेको देखिन्छ।

अमेरिकी राष्ट्पती , जसले आबश्यक्ता पर्‍यो भने अन्य ग्रहहरूको पनि जानकारी सजिलै लिन सक्छ। के उनले कोरोना बारे जानकारी प्राप्त गरेको छैन , होला ? यसर्थ , जसले सम्पूर्ण जानकारी प्राप्त गरेको छ। उसले कोरनालाई एड्स , क्यान्सर भन्दा खतरनाक अवश्य मान्दैन। हो , संक्रमण हुन्छ , बच्न पर्‍यो। जसको रोग बिरूद्ध लड्ने क्षमता कमजोर छ उसलाई समस्या हुन्छ। मर्न पनि सक्छ। तर रोग लाग्ना साथ मर्छ भन्ने छैन।

भन्नुस , देश सामाजिक , आर्थिक , राजनैतिक रूपमा ध्वस्थ भयो भने , के हुन्छ ? यो राजनीतिज्ञले सोच्ने कुरा हो। त्यसैले त जनताहरूले तिमी जान्ने सुन्ने छौ। परेको बेला देशलाई मार्ग दिन सक्छौ भनेर , भोटको माध्यमबाट हामी माथि शासन गर , हामीलाई स्वीकार्य छ भनेको हो। त्यसको निम्ती हामी दुख गर्दछौ। तिमीलाई चाहिने सम्पुर्ण ब्यबस्था हामी गर्दछौ भनेको छ। करहरू जनताले त्यसै सरकारलाई बुझाएको हैन। हो , सुन्दा प्रजातन्त्रमा , हामी माथि शासन गर भन्दा , नराम्रो लाग्ला। तर बास्तबिक्ता त्यही हो। बेसार पहेलो हुन्छ। तपाई पहेलोको प्रकारमा बिबाद र तर्क गर्न सक्नु हुन्छ। साथै , त्यहांको अहिलेका शासकहरू दोस्रो बिश्व युद्ध झेलेका र बाहुबाजेबाट बिगतका भोकमरी , क्रान्ति , अशान्ति , यस्तै रोगको महामारी र प्रथम बिश्व युद्धको कथाहरू सुनेर हुर्केको जमातहरू हुन्। जुन बेला आजको जस्तो न सुबिधाहरू थियो , न बिज्ञानको बिकास। यस अर्थमा हाल कोरोनालाई जून किसिमले दानबियकरण गरियो। यसमा केही फटाहा संस्थाहरूको राजनीति र संचारमा क्षेत्रमा स्वास्थ ब्यापारीहरूको लगानीलाई प्रमुख कारकको रूपमा लिनुपर्ने हुन्छ। नत्र , हो औषधी पत्ता लागेको छैन , ठिक छ। तर निको पनि त भएको छ त। यो त सकारात्मक पक्ष हैन ? किन यस प्रती संसारको ध्यान गएन ? आज बिश्वमा एड्सबाट कति मानिसहरू निस्चित मृत्यु कुरेर बसेको छ ? के त्यो कुरा कोरोना भन्दा खतरनाख छैन ? तर खुशीको कुरा , बिज्ञानले एड्सलाई पनि पराजित गरिसकेको छ। यस अर्थमा आज हामी संग आधुनिक बिज्ञान छ। जून सम्पुर्ण मानब जातिको कल्याणको निम्ती सबै रोगहरू बिरूद्ध लड्न सक्षम छ। खै , यो पक्षहरूबारे जानकारी दिने गरिएको ? हो , साधारण ब्यक्तिहरू यस्तो जानकारी नहुन सक्ला। तर राजनीतिज्ञमा यस्ता कुराहरूको जानकारी हुनु पर्दछ। तब मात्र सफल भईन्छ। यस अर्थमा , अबको चूनाव ट्रम्पले जित्यो भने तपाई छक्क नपर्नुहोस। किन भने राजनीतिज्ञमा आलोचना सुन्ने , पचाउन सक्ने , त्यसको प्रतिरोध गर्ने , जोखिम देख्ने , लिन सक्ने र अवशरको उच्चतम प्रयोग गर्न सक्ने एउटा अनौठो किसिमको अजिब प्राणीको गुण बिकास भएको हुनु पर्दछ। जून ट्रम्पमा छ। उनका कतिपय ब्यबहार , उनका कट्टर आलोचकलाई पनि समर्थन गर्न बाध्य तुल्याउछ।

रहयो , यूरोपका कुरा त्यहां त कोरोना प्रति गरिएको ब्यबहार बिचित्रको छ। क्रेज गणराज्यमा , र्निबस्त्र बस्न पाउने ठाउंहरू पनि छन् , रे। त्यहां प्रहरीहरूले भन्छन् , रे। र्निबस्त्र हौ , त्यो तिम्रो अधिकारको कुरा हो। तर माक्स चाही लगाऊ। यो राज्यको हालको नियम हो , भन्छन् रे। समग्रमा भन्दा , हो यसलाई उनिहरूले रोगको रूपमा स्वीकार गरेको छ। तर देश भन्दा ठूलो रूपमा लिएको छैन। जनतालाई तर्साएर , लादिएको समाचार सुनाएर , थुनेर , भोकै राखेर , कोरना मृत्यु हो भन्ने किसिमले ब्यबहार गरेको छैन। देश , राजनीति , सामाजिक , आर्थिक पक्षहरू , जनताका अधिकारका कुराहरूलाई असर नपर्ने किसिमले , समय र परिस्थिती अनुसार समय सापेक्ष , आफ्नै ढूंगले ब्यबहार गरेका छन्। हो , मानिसहरू मरेका छन्। जन्मे पछि मर्नु पर्छ। रोग लागे पछि मर्छ। रोगले शारिरिक रूपमा कमजोरलाई चाडै समाउछ । यो कुरा उनिहरूले बुझेको छ। त्यसैले उनिहरूले देशलाई मर्न दिएको छैन। किन भने देशको आफ्नै नियम हुन्छ। लकडाउन बिभिन्न उपाए मध्येको एउटा उपाए हो। जापानमा लकडाउन छैन तर सूंकटकाल छ। दक्षिण कोरीयामा चूनाब भयो। रूसमा लकडाउन छैन। तर अचम्म उत्तर कोरियामा कोरोना छैन भन्छ। त्यो देशमा सामाजिक , आर्थिक , राजनैतिक रूपमा सधै लकडाउन छ। यसले लकडाउन , त्यस माथि पनि कडा लकडाउन भयो भने कोरना संक्रमण हुदैन भन्ने देखाउछ। तर देश , अनि जनताको अधिकारका कुराहरूको प्रश्न उठ्न सक्छ। कोही यस्ता शासकहरू पनि देखा परे। जसले लकडाउन उलङ्गन गर्नेलाई गोली ठोक्ने आदेश पनि दिएको पाईयो । निष्कर्षमा भन्दा बिकशित र सक्षम राष्ट्हरू आफ्नै तरिकाले कोरोना सूंग ब्यबहार गरिरहेको देखिन्छ भने बिकाशम्मुख , अल्प बिकाशित राष्ट्हरू अरूबाट लादिएको नीति नियमबाट चलेको देखिन्छ। जहां सम्म हाम्रो देशको कुरा छ। हामी लकडाउनमा छौ। कोरोना बिरूद्ध लड्न ऋण खोजी रहेको छौ। जनताहरू लकडाउनमा गांउ गएका छन्। जसले लकडाउनलाई मजाक बनाएको छ। किन गए हामी त्यसमा नजाऊ। शुरूमा त हामी भाटे कारबाही पनि गर्दै थियौ। भारतमा सरकारले ब्यबस्था गरेको राहत कार्यक्रमले गर्दा लकडाउन टिकेको छ। सडकको जनतालाई सडकमा खुवाएको छ। मध्यम बर्गलाई राहत कार्यक्रम ल्याएको छ। उच्च बर्ग सक्षम छन्। यसले त्यहांको सरकारलाई डबल फाईदा भएको छ। बिरोधी सिद्धिएको छ , जनताहरू समर्थक भएका छन्। अझ मजाको कुरा बिसाल भारतको राजधानीमा केजरीवालको सरकार छ। जसको कोरना बिरूद्धको कार्यक्रम हेर्ने हो भने लोभ लाग्दो छ। जसलाई केन्द्रिय सरकारको हृदय देखी समर्थन छ। यसले लोकलन्त्रमा बिकेन्द्रिकरण , सस्थानियकरण भन्ने कुराको महत्व कस्तो हुन्छ देखाउछ।

जनता आखिर महान हुन भन्ने कुरा , मोदीले आफ्नो भाषण गर्दा गर्ने दशौ पटकको नमस्कार , नम्र प्रस्तुतितरण , माफी माग्ने तरिकाले पनि देखाउछ। तर हामी यहां छिमेकीले के गर्छ त्यसमा हाम्रो सबै कुरा भर पर्छ भन्दछौ। छिमेकी त हाम्रो चीन र भारत दुबै हो। चीन कोरोना बिरूद्ध लडेर। सूंसारमा आफ्नो नयां पहिचान बनाउन आगाडी बढि सक्यो। भारतमा बिजेपी सरकार सूंग कोरना भाईरसले राजनैतिक गठबन्धन गरिसक्यो। ल भन्नुस , अब हामी कुन छिमेकी राष्ट्को के हेर्दै छौ ? बुझ्न सकिएको छैन। तर स्पष्ट भएको छ। हाम्रो गरिबी सडकमा पोखिएको छ। नक्कल गर्न खोजिएको राजनीति असफल भएको छ। प्रहरी प्रशासनको भरमा कोरना बिरूद्ध लड्ने प्रयास गरियो। जेहोस, हामीले जाने र नजानेर कोरना बिरूद्ध लड्यौ।

कुरा सत्य हो , हाम्रो धेरै कुरा छिमेकमा भर पर्दछ। तर सबै हैन। राजनीतिज्ञले यो कुरा बुझ्नु पर्दछ। आजको पन्द्र दिन अगाडीको सरकारको अबस्था कस्तो थियो ? आज कस्तो छ ? कल्पना गरौ , अबको १५ दिनमा कस्तो होला ? कोरना बिरूद्धको लडाई सरकारको मात्र हैन , जनताको पनि हो। लोकतन्त्रमा राष्ट् समक्ष देखा पर्ने प्रत्येक संकट सरकार जनता सबै मिलेर संयुक्त रूपमा लड्नु पर्दछ। जसरी चीन , भारत , अमेरिका लगाएत अन्य राष्ट्हरू लागेको छ। त्यसो भयो भने न ऋण लिनु पर्‍यो , न देशमा राजनैतिक , आर्थिक , समाजिक सूंकट पर्दछ। हैन भने , हाम्रो देशमा कोरनाले आफ्नो साइज भन्दा ठूलो सूंकट ल्याउन सक्षम हुनेछ। त्यो हाम्रो निम्ती र्दुभाग्य हुनेछ भने कोरोनाको खेतिपाती चलाउने राष्ट्रिय अन्तराष्ट्रिय सूंगठनहरूको लागी उदाहरणिय हुनेछ। उनिहरूले आफ्नो संगठन , संस्था र ब्यापार फस्टाउने अवशर पाउने छ।

**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।**

**मटिहानी नगरपालिका**
महोत्तरी

## मधेश अपडेट

### राजेन्द्र महतोद्वारा स्वास्थ्य सुरक्षा सामग्री तथा खाद्यान्न सहयोग

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका नेता तथा धनुषा निर्वाचन क्षेत्र ३ का सांसद राजेन्द्र महतोले आफ्नो क्षेत्रमा स्वास्थ्य सुरक्षा सामग्री सहित खाद्यान्न पनि वितरण गरेका छन्। महतोले जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह, नगराइन नगरपालिकाका मेयर परमेश्वर यादव र मुखियापट्टी मुसरनिया गाउँपालिकाका अध्यक्ष मनोज यादवको हातवाट क्षेत्रका कुल २० स्वास्थ्यचौकी र धनौजी गाउँपालिकास्थित क्वारेन्टाइन गरि कुल २१ स्थलमा लाखौं मूल्यबराबरको सामग्री सहयोग गरेका हुन्। महतोका निजि सचिव बिन्द किशोर साहका अनुसार निर्वाचन क्षेत्र सम्पर्क कार्यालयको आयोजनामा प्रत्येक स्थलमा १ थर्मल गन, २ पिपिई, ५० मास्क, १ सयजनाका लागि ग्लोब्स र १ बोतल सेनिटाइजर हस्तान्तरण गरिएको छ। तिनैवटा पालिकाका प्रमुख सहित जिससका उपप्रमुख दिपक झा, नेताहरू संजय सिंह, मनोज चौधरी, प्रमोद यादव सहितको उपस्थितीमा सो सरसमानहरू वितरण गरिएको साहले बताए। साथै यसअघि नै जनकपुरधामको विभिन्न वडाहरूमा गरिव विपन्न तथा अभाव भएकाहरूको लागि वितरण भइरहेको भोजन निर्माण स्थलमा १२ क्वीन्टल चामल समेत प्रदान गरिएको थियो।

### तीन जिल्लामा पीसीआर परीक्षण तीव्र

वीरगञ्ज । प्रदेश २का बारा, पर्सा र रौतहटमा कोरोना संक्रमित भेटिने क्रमले निरन्तरता पाएपछि थ्रोट स्वाबको नमुना संकलनमा तीव्र बनाइएको छ। संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको यसअघि आरडीटी गर्ने गरिएकोमा पछिल्ला दिनमा पीसीआर परीक्षणलाई प्राथमिकता दिइएको हो। आरडीटी परीक्षण खासै विश्वसनीय पनि नदेखिएको र किट समेत कम रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। वीरगञ्ज-३ छपकैयाका सफाइकर्मी र वीरगञ्ज-१६ इनर्वाका दुई पुरूषमा संक्रमण पुष्टि भइसकेपछि १ सय ९५ जनाको थ्रोट स्वाब संकलन भइसकेको छ। जसमध्ये ९४ जनाको थ्रोट स्वाबको रिपोर्ट आइसकेको छ। उनीहरू मध्ये बाराका २ र पर्साका १ जनामा संक्रमणको पुष्टि भइसकेको छ। बाँकीको रिपोर्ट नेगेटिभ आएको नारायणी अस्पतालले जनाएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले दिएको जानकारी अनुसार आइतबार थप दुई जनामा संक्रमण पुष्टि भएपछि पीसीआर परीक्षणलाई प्राथमिकता दिइएको छ।संक्रमितको सम्पर्कमा आएका व्यक्तिको पीसीआर परीक्षणलाई नै प्राथमिकतामा राखेको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले जानकारी दिए। 'आरडीटी किट पनि कम छ, अत्यन्त जरूरी पर्दाका लागि केही जोगाएर राखेका छौं,' उनले भने, 'पीसीआर परीक्षणलाई नै प्राथमिकता दिएका छौं। कन्ट्याक्ट ट्रेसिङको आधारमा शंकास्पद व्यक्तिहरूको दिनहुँ थ्रोट स्वाब संकलन गरिरहेका छौं।'

### रौतहटमा दुई जनामा कोरोना संक्रमण पुष्टि

रूपेन्द्र पटेल, रौतहट । रौतहटमा दुई जना पुरूषमा कोरोना संक्रमण पुष्टि भएको छ। रौतहटको बृदावन नगरपालिका वडा नं–९ निवासी २५ वर्षीय मेराज शेख र देवाही गोनाही नगरपालिका वडा नं–१ का अर्का ३५ वर्षीय एक जनामा संक्रमण पुष्टि भएको हो। रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ६ स्थित क्वारेनटाइनमा बसेर यहीं बैशाख ६ गते घर फर्काइएका बृन्दावन नगरपालिकाका पुरूषमा कोरोना संक्रमण देखिएको चन्द्रपुर अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन डा. श्यामबाबु शाहले जानकारी दिएका छन्। उनका अनुसार प्रादेशिक ल्याव जनकपुरबाट पिसिआर रिर्पोट नेगेटिभ आएपछि घर फर्काइएका उनलाई केन्द्रिय प्रयोगशालामा पुनः परिक्षण गर्दा पोजेटिभ आएको हो। जिल्ला जनस्वास्थ्य कार्यालय गौरका निमित्त प्रमुख महेश साहका अनुसार देवाही गोनाहीका संक्रमित पुरूष भने क्वारेनटाइनमै रहेका छन्। अब दुवै संक्रमितहरूको कन्ट्याक ट्रेसिङ्ग गरिने उनले बताए।

### उवा महासंघका अध्यक्ष पक्राउ

कैलाली । उद्योग वाणिज्य महासंघ सुदूरपश्चिमका अध्यक्ष शंकर बोगटीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनलाई लकडाउनको समयमा मदिरा सेवन गरी सडकमा राखिएका ट्राफिक डिभाइडर फुटाएपछि प्रहरीले नियन्त्रणमा लिएको हो। कैलाली उद्योग बाणिज्य संघका निर्वतमान अध्यक्षसमेत रहेका बोगटीलाई मध्यरातमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दक्ष बस्नेतले बताए। इलाका प्रहरी कार्यालय मलाखेतीले बोगटीलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाएको थियो।

### सशस्त्र प्रहरी बलको उच्च निगरानी

बुटवल । बन्दाबन्दीपछि नेपाल भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले उच्च निगरानी बढाएको छ। सरकारले सीमाक्षेत्रमा मानिसको आवतजावत पूर्णरूपमा प्रतिबन्ध गर्ने निर्देशनपछि सशस्त्र प्रहरी बलले निगरानी बढाएको हो। भारतीय सीमा क्षेत्रसँग जोडिएको प्रदेश नं ५ का जिल्लामा पनि सशस्त्र प्रहरी बल परिचालन भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ। यस प्रदेशमा करीब ७ हजार सशस्त्र प्रहरी बल परिचालन भएको बताउँदै सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रवीणकुमार श्रेष्ठले सीमा क्षेत्रमा करीब ३५० जाँचचौकी स्थापना गरिएको जानकारी दिए। सीमाक्षेत्रमा अस्थायी चौकी निर्माण गरी बलले सुरक्षा दिनाका साथै नियमित मोटर पेट्रोलिङसमेत गरिरहेको छ। कोभिड-१९ को लडाइँमा सशस्त्र प्रहरीले सीमा क्षेत्रदेखि गाउँगाउँसम्म पुगेर जनतालाई सचेतना दिलाउँदै सरकारले दिएको निर्देशन पूर्णरूपमा कार्यान्वयन गरेको प्रदेश नम्बर ५ सीमा क्षेत्रमा रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३८ गुल्म सूचना शाखाले जनाएको छ।

### बालगृहमा राहत सामग्रीसहित नगद सहयोग

कपिलवस्तु। जिल्लाको मायादेवी गाउँपालिका वडा नं.१ पकडीमा रहेको युवा कल्याण समाजले कपिलवस्तुको बाल गृहमा गई अनाथ बालबलिकालाई राहत सामग्रीसहित नगद रकम सहयोग गरेको छ। राहत सामग्रीमा ३० किलो आलु, ३० किलो प्याज, २० किलो नुन, १ पेटि तेल, १ बोरा अरहरको दाल, १ पेटि चाउचाउ, १० किलो हरियो तरकारी, १० किलो टमाटर र १ किलो हरियो खुर्सानीसहित रू.४००० नगद सहयोग गरेको हो। यो विश्वव्यापी महामारीको रूपमा रहेको कोरोना भाइरसले संसारका कैयौं देशलाई प्रभाव पारेकोले नेपालमा पनि यसको ठूलो प्रभाव पारिरहेको अवस्थामा यो कल्याण समाजले बाल गृहका अनाथ बालबालिकाहरूलाई गरेको सहयोग प्रति बाल गृहका अध्यक्ष राजु अर्यालले खुशी व्यक्त गरे। आवश्यक परेको हरेक क्षेत्रमा सेवा सुविधा पुर्‍याउन दिनरात संस्थाको प्रयासमा संस्थाका अध्यक्ष मोहम्मद वकिल मुसलमान रहेको कुरा संस्थाका सदस्य मेवा लाल यादवले बताए। त्यस्तै यो महामारीको समयमा जुनसुकै क्षेत्रमा राहत नपाएका परिवारले हाम्रो संस्थाको सम्पर्क नं.९८०३८४२५६४ मार्फत जानकारी गराएमा हाम्रो टोली राहत सामग्री लिएर घरमै पुर्याईदिने कुरा संस्थाका उपाध्यक्ष वलिउद्दिन मुसलमानले बताए।

### सीमामा उच्च सतर्कता

रूपन्देही । काठमाडौं । कोरोना भाईरसको संक्रमण सीमा क्षेत्रबाट भित्रिन नदिन प्रदेश ५ का भारतसँगको सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ। प्रदेश ५ का सीमावर्ती जिल्लाहरू पश्चिम नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्लाका सीमा क्षेत्रलाई पूर्ण रूपमा शील गरिएको छ। सीमा क्षेत्रका विभिन्न स्थानहरूमा अस्थायी त्रिपाल राखी सशस्त्र प्रहरीको अस्थायी सुरक्षा पोस्ट खडा गरिएको छ। सीमा क्षेत्रमा सुरक्षा प्रवन्ध, स्थायी तथा अस्थायी सुरक्षा पोस्ट र सीमा अवस्था अवलोकनका लागि प्रदेश ५ सशस्त्र प्रहरी बलका प्रमुख डिआइजी नारायणदत्त नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलसहित कपिलवस्तुको सीमा क्षेत्र निरीक्षण गरेको छ। सीमा क्षेत्रको हरेक ५ सय मीटरको दूरीमा २४ घन्टे सुरक्षाकर्मी खटाइएको छ। सीमा क्षेत्रमा अपनाइएको उच्च सतर्कताका कारण नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने अवस्था पूर्ण रूपमा रोकिएको कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडेलले बताए। सामान्य अवस्थामा प्रदेश ५ का तराईका ६ जिल्लामा ६ वटा गण, ३ वटा भन्सार सुरक्षा गुल्म र २८ वटा बीओपी रहँदै आए पनि सीमा क्षेत्रमा हाल २ सय ५० बढी स्थानमा सुरक्षाकर्मीहरूको पोस्ट खडा गरिएको छ। सशस्त्र प्रहरीको प्रदेश ५ को बिन्ध्यबासिनी बाहिनी र थप अन्य बाहिनीबाटसमेत सशस्त्र प्रहरी ल्याएर सीमा क्षेत्रलाई पूर्ण रूपमा शील गरिएको छ। सीमा क्षेत्रमा भारततर्फको गोरखपुर र लख्खीपुरस्थित भारतीय सीमा सुरक्षाका डिआइजी तहका सुरक्षा अधिकारीसँग पनि नियमित संवाद र समन्वयबाट प्रदेश ५ का नेपाल-भारत सीमामा दुवै देशका सुरक्षाकर्मीहरूबाटै संयुक्त निगरानी बढाइएको छ।

# इनरूवामा राहतका १० रहस्य

इनरूवा समाचारदाता

इनरूवा । सुनसरी सदरमुकाम समेत रहेको इनरूवा नगरपालिका जहिले अपादर्शी काम गरेर चर्चामा रहने गरेको छ । चाहे अवस्था सहज होस या प्रस्थिती असहज, सबै अवस्थामा नगर प्रमुख सहित वडा अध्यक्षहरू र कार्यपालिका सदस्यहरू जहिले पनि नागरिकलाई ढाट्ने छल्ने र गुम्राहामा पार्ने गरी अपादर्शी काम तथा कृयाकलाप र व्यवहार गरेर चर्चामा रहने गरेको हो । इनरूवामा पार्टीका हिसावले दुई ठूला पार्टीको संख्यात्मक रूपमा उस्ताउस्तै उपस्थिती रहेको छ । यही भएर काम गर्ने बेलामा दुवै कमिसन, कर्मचारी भर्ना, ठेक्कापट्ठा, कोटेसन, इन्धन, योजना, सवारी, सामग्री खरिद, उपकरण खरीद सहितमा नगर प्रमुख र उनका वडा अध्यक्षहरू तथा कार्यापालिका सदस्यहरू भागवण्डामा जस्तोसुकै कुरा पचाउन सफल भएका छन् ।

कुनै पनि देशमा बस्ने नागरिक प्रति राज्यको दायित्व हुने जस्तै नगरमा बस्ने नागरिक प्रति नगरपालिकाको उतिकै दायित्व हुन्छ । तर इनरूवा नगरमा एक महिना बढी समयदेखी सरकारले गरेको लकडाउनका कारणले विपन्नलाई राहत दिनुपर्ने , पीडितहरूको पक्षमा काम गर्नुपर्नेमा त्यसो नगरि यस विपतको बेला समेत अपादर्शी काम गरेर चर्चामा आएको छ ।

विपन्नलाई राहत वितरण गर्नका लागि खरिद गरेको राहत सामग्री होस कि विपतको बेला परिचालन भएको कर्मचारीहरू, स्वास्थ्यकर्मीहरूको नाममा गरेको खर्चको कुरा नै किन नहोस सबैमा अपादर्शी काम गरेको छ । नेपाली काग्रेंसका नगर प्रमुख राजन मेहता भएकाले उहाँले आफ्नो विरोध नहोस र कमिकम्जोरीहरू बाहिर नजाओस भनेर प्रतिपक्षमा रहेको तर ६ वटा वडा अध्यक्ष सहित बहुमतमा रहेको नेकपालाई समेत भागवडामा हिस्सा दिएर राखेको छ । भागवडा नगरपालिकाका नगरबासीका लागि नभई उनिहरूको व्यक्तिगत स्वार्थपुर्ती, साझँको भटटी खर्च, भ्रमण खर्चको नाममा, कार्यालय सञ्चालनका खर्चको नाममा, अनुगमनको नाममा, बैठक भत्ताका नाममा , कार्यकर्तालाई कर्मचारीको रूपमा भर्ना गर्ने नाममा दुवै मिलेका छन् । यही कारणले झण्डै तीन वर्ष वित्न लाग्दा समेत काम भन्दा कुरा बढी, योजना भन्दा खर्च बढी, कार्यक्रम भन्दा कागजी घोडा बढी, जनता भन्दा पार्टी र जातीलाई ग्राहयता बढी, सदा जिवन भन्दा विलासी जिवनमा ध्यान बढी, कर्तव्य भन्दा कमिसनमा ध्यान बढी, सदाचार, भ्रष्टाचारमुक्त भन्दा दुराचार, भ्रष्टाचारयुक्त काममा बढी केन्द्रित भएर काम गर्नमा व्यस्त बनेका छन् ।

यही चरित्रबाट प्रेरित रहेका नगर प्रमुख र कार्यापालिकाका सदस्यहरूले १० नमुना काम गरेका छन् ।

१, राहत सामग्री खरिदमा अपादर्शी प्रकृया अपनाएको, कार्यपालिकाका नेकपा सदस्यलाई जिम्मा दिई बजार भन्दा बढी मूल्यमा खरिद गरेको र स्तरमा कम, तौलमा कम दिएको ।

२, कार्यापालिका बैठकमा भत्ता बाड्ने बाहेकको काम नभएको

३, आफूलाई कमिसन आउने निर्णयहरू मात्रै गरेको

४, कमिसन नआउने भएपछि तीन महिनादेखी स्वास्थ्य संस्थामा औषधी नदिएको

५, लकडाउनको बेलामा राहत वितरणमा पहुच, पार्टी र जातीलाई प्राथमिकता दिएको

६, एक करोड बढी इन्धन खाने तर फोहोर फ्याक्ने ट्याक्टरमा पशु दाना जस्तो पीडितहरू राहत वितरण गरेको, राहत पनि सरकारको मापदण्ड भन्दा कम वितरण गरेको

७, कार्यापालिका बैठकमा बोल्नेहरूलाई कमिसन पाउने गरि जिम्मेबारी दिएको, कुरा नामान्नेलाई बार्गेनीग गर्ने, प्रलोभन देखाउने र कमिसनको झोलमा पसाउने गरेको ।

८, वडाहरूमा राहत वितरण गर्ने समयन्त्रमा जाती र पार्तीलाई ग्राहया दिएको

९, काम नेकपालाई दिएपछि कमिसन काग्रेंसलाई दिनुपर्ने र काग्रेंस गरे नेकपालाई दिनुपर्ने गोप्य मौखिक सहमती गरेको । त्यसले गर्दा एकले अर्कोको विरोध नगर्ने र अर्को चुनावमा यही टीमलाई टिकटका लागि पार्टीमा दबाव दिने सहमती गरेको, जातीलाई एकलौटी पार्ने र पार्टीका कट्र भोट आउने भएकाले सबै यही टिम जित्ने भएकाले कार्यापालिका बैठकमा निर्णय बाहेक अनौचारिक रूपमा छलफल गर्ने गरेको छ ।

१०, अनुगमन नगरी र लकडाउनको बेलामा सवारी नचलाई इन्धन सुविधा लिने गरेको लगायतका राहत वितरणमा पहुच, पार्टी र जातीलाई प्राथमिकता दिएको उनीहरूको भाषा र भनाईमा महत्वपूर्ण राम्रो काम भएको छ ।

नगरपालिकामा बस्नेहरूले पार्टीको मुख ताक्ने र ह्विप मान्ने कारणले अपादर्शी, अनियमितता, आर्थिक र नीतिगत भ्रष्टाचार, जनसाहभागिताको नाममा पार्टी र जातीको प्राथकिता लगायतको विषयमा प्रश्न उठाउन धेरैले आट नै नगरेको अवस्था छ । यही अवस्थाले अनैतिक, अपादर्शी काम गर्ने, अनियमितता गर्ने, आर्थिक र नीतिगत भ्रष्टाचार गर्ने, जनसाहभागिताको नाममा पार्टी कार्यकर्ता र जातीलाई प्राथकिता दिएको छ ।

इनरूवामा अपवादमा बाहेक सबै काममा नगर प्रमुखको सिधा कमिसन र वडाहरूमा वडा अध्यक्षको कमिसनको खेल भएको प्रष्ट छ । होईन भने तीन वर्षमा एक पटक पनि जनताको घर, गाउँटोलमा योजना संकलन गरेको छैन, संकलन गरिएपनि कागजमा , योजनाहरू कहाँ बढी कमिसन आउछ त्यहाँ मात्रै पारेको छ । आवश्यकतामा आधारीत भन्दा कमिसन, अनियमितता, आर्थिक भ्रष्टाचार गर्न पाईने ठाउँमा योजना तथा कार्यक्रम पारेको छ ।

गाउँटोलमा उपभोक्ता समिति निर्माण गर्दा समेत जनसाहभागिताको नाममा आफ्नै पार्टी र जातीको व्यक्तिहरूलाई राख्ने गरेको छ । कर्मचारी भर्ना समेत तीन वर्षमा एक सय ५० भन्दा बढी नगर, वडा र स्वास्थ्यमा गरेका छन् । उनीहरूको नागरिकता, पार्टीको सदस्यता , थरलाई मिलाएर हेर्दा प्रष्ट हुन्छ कि अपवादमा समेत कोही बढीलाई प्रवेश गर्न दिएका छैन् ।

इनरूवाका स्थानीय सरकार अहिले विपतको बेलामा जाती र पार्टी भन्दा देश र जनताको नाममा काम गर्न ध्यान दिदाँ राम्रो हुन्छ । लोकप्रियताका लागि सबैलाई राहत, धनीलाई राहत, पूर्व सभासदलाई राहत, आफ्नो जातीलाई राहत राम्रो होला तर मानवता, पदिय मर्यदाका लागि सुहाउदैन । त्यसैले सरकारले लकडाउनलाई सफल पार्ने र कोरोना भाईरस(कोभिड १९) को प्रकोप र रोगको लडाईमा विजय हासिल गर्ने पवित्र उदेश्य राखेको यो बेलामा राहत वितरणमा पारशर्दीता, विपन्न , ज्यालामजदुरी गर्नलाई राहत दिनु धर्म हुने छ । जनताको पनि राहत लिनु रहर नभई बाध्यता रहेको छ । राहत दिएपछि ज्यालादारी गर्ने, मजदुर, गरिब विपन्नमा भोकमरी नओस र घोषणा गरेको लकडाउनलाई पूर्ण सफल पार्ने अपेक्षा गरिएको छ । तर नेपाली समाजको चरित्र, अवस्था र मनोविज्ञानले कोरोना महामारी प्रकोप र रोगको लडाईमा विजय हासिल गर्ने भन्दा पछि राहतलाई खेलौनाको रूपमा लिएको पाईएको छ । सरकारको पवित्र उदेश्य भएपनि कार्यान्वयन गर्ने स्थानीय तहहरूले त्यसलाई आफ्नो पेवा ठानेकाले विवाद, झडप र कहल उत्पन्न भएको छ । यसमा सबै भन्दा कम्जोरी नेपालीहरूमा गरिबीपन र अर्को जनप्रतिनिधिहरूको नियत देखिएको छ । इनरूवामा मात्रै होईन देशभरी नै राहतको नाममा जे जसरी समाचारहरू आईरहेको छ । यो निकै घिर्णित र लाजमर्दो अवस्थाको प्रवृति देखिन्छ । त्यसैले इनरूवामा विगतमा जे भयो त्यसको समिक्षा र अव बाकी रहेको काममा नगरबासीलाई केन्द्रमा राखेर नैतिकताका साथ पारदर्शीतालाई अवलम्बन गरी गर्दा उतम हुन्छ । आलोचना गर्ने मित्र हुन्छ गतलमा पनि हो की हो मिलाउने सत्रु हुन्छ तर यही उल्टो भन्ने नगरको मित्र भएको छ । यसबाट जोगिनु होईन भने कमाउने , महल बनाउने काममा सफल हुनुहोला तर समाज र नगरबासीले हेर्ने दृष्टिकोणमा कम्जोर देखिनुहोला ॥

राहत वितरण कसरी गर्ने भनिएको छ ?

संघीय सरकारले प्रत्येक स्थानीय तह अर्थात गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाभित्र बसोबास गर्दै आएका असहाय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने व्यक्तिहरू तथा खाना, खाजा नपाएकालाई राहत वितरण गर्न सकिने मापदण्ड बनाएको छ ।

किन ठीक छैन् जनप्रतिनिधिहरूको नियत ?

हाम्रो जस्तो विकासोन्मुख मुलुकहरूमा अभाव, प्रभाव र दबाव परेको हुन्छ । जहिले अरूको भर पर्नुपर्ने भएकाले अभावको महसुस स्वभाविक हो र हुन्छ । कोही ठूलावडा वा शक्तीशाली व्यक्ति वा देशको प्रभाव रहन्छ । अभाव पुर्ती गर्न कसैको प्रभाव हुन्छ । त्यसमा कार्यान्वयन गर्न ढिलो भए वा अनाकानी गरेको खण्डमा दबाव दिन्छ । यो यस्तै चरित्रका कारणले नेपालमा टोल, वडा, गाउँ, नगर, प्रदेश र देशको काम कार्वाहीमा समेत यही प्रवृति प्रतिबिम्बित हुन्छ ।

यस्तै भएको छ लकडाउनको बेलामा राहत वितरणको काममा । यो पच्छिलो उदाहारण मात्रै हो । यसअघि पनि बाढी पीडित, भुकम्प पीडित, पहिरो पीडितहरूलाई बाड्ने राहतमा पनि जनप्रतिनिधिहरूको नियत सफा देखिएन । हाम्रोमा नेताहरू देश प्रति भन्दा आफ्नो व्यक्तिगत परिवार प्रति, जनप्रतिनिधिहरू जनता प्रति उतरदायि नभई, पार्टी प्रति बढी, सबै समुदाय प्रति नभई सिमित क्षेत्र र आफ्नो जाती प्रति बढी झुकाव राख्ने भएकाले नियत माथि प्रश्न उठ्ने गरेको छ । संघीय सरकार र प्रदेश सरकारको मापण्ड वा आफ्नै स्थानीय सरकारको पनि मापण्ड अनुसार राहत वितरण गर्नुपर्नेमा हातमा शक्ती छ भनेर जे पनि आफू खुसी गरिरहेका छन् । उनीहरूले आफ्नो पार्टीका स्थानीय नेता, जिल्ला नेता र प्रदेश नेतालाई खुसी पारेर आफ्नो स्वार्थ पुर्ती गर्दा कोही कसैले केही गर्न सक्दैन भनेर संकुचित भावनाले प्रेरित भएर काम गरेकाले नियत माथि प्रश्न चिन्ह खडा भएको हो । जनप्रतिनिधिहरू दुरदर्शी नभई क्षणिक लाभमा रूमलिएको, पारदर्शी नभई अपारदर्शी भएको, जनमुखी नभई व्यक्तीमुखी भएको, सृजनशिल नभई स्थिर भएको, नियमित काम नभई अनियमिततामा लिप्त भएको कारणले आलोचित बन्न पुगेको छ । यही कारणले उनीहरू माथिको नियत माथि प्रश्न उठाउने प्रसस्त ठाउँहरू रहेका छन् ।

# कोभिड-१९ का बारेमा बालबालिका लक्षित सूचनाका लागि चर्चित हास्यप्रधान कार्यक्रम 'पवनकली सो'

काठमाडौं । कोभिड-१९ सँग सम्बन्धित विषयवस्तुमा बालबालिकालाई लक्षित गरी चर्चित हाँस्यप्रधान कार्यक्रम 'पवनकली सो' सुरू हुने भएको छ । सेभ द चिल्ड्रेन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रसँगको सहकार्यमा 'पवनकली सो' कार्यक्रम प्रशारणमा आउन लागेको हो । कार्यक्रम मूलतस् बालबालिका लक्षित हुने भएपनि समग्र श्रोतारदर्शकले पनि मनोरञ्जन र सूचनाहरू प्राप्त गरी लाभ लिन सक्नेछन् । कार्यक्रम युट्युब र रेडियो माध्यममा आधारित रहि उत्पादन र प्रशारण गरिनेछ । 'पवनकली सो' कार्यक्रम १४ वैशाख २०७७ (तदनुसार २६ अप्रिल २०२०) देखि हरेक आईतबार बिहान ७स्१५ देखि ७स्३० सम्म सामुदायिक सूचना नेटवर्क ( सिआईएन) मार्फत् देशैभरिका सामुदायिक रेडियोहरू, युट्युब र सामाजिक सञ्जालहरूबाट प्रशारण हुनेछ ।




"कोभिड(१९ का कारण सिर्जित अहिलेको विषम परिस्थितिमा सञ्चार माध्यमहरूमा बालमैत्री सूचनामूलक सामग्रीको आवश्यकतालाई महसुस गरेर सेभ द चिल्ड्रेनले 'पवनकली सो' कार्यक्रमसँग सहकार्य गरी बालबालिका र समग्र श्रोतारदर्शकलाई लक्षित सामग्रीहरू प्रशारण गर्न लागिएको हो," सेभ द चिल्ड्रेनका अन्तरिम राष्ट्रिय निर्देशक बन्दना रिसालको भनाई छ ।

रिसालका अनुसार हाँस्यप्रधान ढाँचाको यस कार्यक्रम बालबालिका र समग्र श्रोतारदर्शकलाई जानकार, सुसूचित र सचेत बनाउन प्रभावकारी हुनेछ । साथै यस कार्यक्रमले श्रोतारदर्शकलाई आफ्नो व्यवहार परिवर्तनका लागि अबलम्बन गर्नुपर्ने आनीबानीका बारेमा झक्झकाउने, सकारात्मक व्यवहारका लागि उत्प्रेरित गर्ने र फलस्वरूप कोभिड(१९ को संक्रमण रोक्नका लागि मद्दत पुर्याउने अपेक्षा गरिएको छ । चर्चित रंगकर्मी तथा नायिका लुनिभा तुलाधरले 'पवनकली सो' कार्यक्रम सञ्चालन गर्नुहुनेछ । कार्यक्रम उत्पादन समूहका सदस्यहरू र सहभागी सुरक्षित रहुन् भनेर सामाजिक दूरीका निर्देशिकाहरू पालना गर्दै कार्यक्रमको छायांकन गरिनेछ ।

युट्युब र रेडियो माध्यमका लागि उत्पादन गरिने यस 'पवनकली सो' कार्यक्रममा कोभिड(१९ बारेका अफवाह पत्ता लगाउने र रोक्ने तौरतरिका, मानसिक स्वास्थ्य, बालबालिका विरूद्ध हुने हिंसा, शैक्षिक सवालहरूमा मौलिक ठेट भाषामा नाटकीय प्रहसनरकमेडी प्रस्तुती हुनेछ । साथै, विज्ञहरू, चर्चित व्यक्तिहरू र देशका विभिन्न ठाउँबाट बालबालिकासँगको कुराकानी पनि यस कार्यक्रममा समेटिनेछ । "मानिसलाई कोभिड(१९ सँग सम्बन्धित अत्यावश्यक तथा महत्वपूर्ण सूचनाहरूका बारेमा जानकार गराउने कार्यमा सञ्चार माध्यमको प्रभावकारिता हामीले महसुस गरेका छौं । तथ्यपरक सूचनामा आधारित वेबसाईट र रेडियोबाट प्रशारण गरिने सामग्रीहरूले कोभिड(१९ सँग जोडिएर आउने गलत सूचनाहरू फैलिन नदिन र सहि सूचना प्रवाहका लागि सरकारलाई सघाउनेछ ।," राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक, कुञ्ज जोशीले भन्नुभयो ।

## संक्षिप्त समाचार

### प्रदेश २ लाई पीपीइ र थर्मल गन सहयोग

जनकपुरधाम । कोरोना महामारी (कोभिड(१९) संक्रमण तथा नियन्त्रणका लागि वर्ल्ड भिजनले १ सय २५ थान सुरक्षा कवच प्रदेश २ सरकारलाई हस्तान्तरण गरेको छ । कोरोनाको विषम परिस्थितिबाट ग्रुजिरहेको बेला वर्ल्ड भिजन इन्टरनेसनल नेपालले एक सय २५ थान पीपीइ (पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट) र २५ थान थर्मल गन प्रदेश सरकारका समाजिक विकास मन्त्री नवल किशोर साहलाई हस्तान्तरण गरेको हो । पीपीइ सेटमा सर्जिकल मास्क, एन ९५ मास्क, फेस सिल्ड, आइ गगल्स, हेड कभर्स, शुकभर्स, लङग स्लिभ एम्पायर गाउन, डिस्पोजेवल ब्याग र गम्बुटस् रहेको छ । पीपीइ र थर्मल गन २१ लाख मुल्य बराबरको रहेको वर्ल्ड भिजन इन्टरनेसनल नेपालका प्रतिनिधि शिवजी साहले जानकारी दिए । प्रदेश २ सरकार समाजिक विकास मन्त्री नवलकिशोर साहले किट्स् र थर्मलगण ग्रहण गर्दै सही समयमा आइपुगेकाले कोरोना महामारी प्रतिकार्यमा महत्वपूर्ण सहयोग पुग्ने बताए ।

### भुसाल मृत फेला

कैलाली । घोडाघोडी नगरपालिका-१० पहलमानपुरस्थित सडकमा एक जना मृत अवस्थामा फेला परेका छन् । गौरीगंगा नगरपालिका-९ बस्ने ४० वर्षीय कृष्ण भुसाल बिहीबार राति मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ११ लाख ५० हजार रूपैयाँसहित पक्राउ

पर्सा । वीरगंज महागरपालिका-१६ रजतजयन्ती चौकबाट स्रोत नखुलेको ११ लाख ५० हजार रूपैयाँ सहित सोही महानगरपालिका-१६ इनर्वागाउँ बस्ने २९ वर्षीय लालबाबु कुमार यादवलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा अवैध वित्तिय कारोवार( हुण्डी) भइरहेको भन्ने खबर प्राप्त हुनासाथजिल्ला प्रहरी कार्यालय पर्सा र प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले रक्सौलबाट वीरगंजतर्फ जाँदै गरेको ना.६२ प ९५७१ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममामोटरसाइकलमा सवार यादवलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### १० बजेपछि औषधी बाहेकका पसल बन्द

नेपालगन्ज । जिल्ला प्रशासन कार्यालय बाँकेले शुक्रबारबाट १० बजेदेखि औषधी बाहेकका सबै पसल बन्द गर्ने सूचना जारी गरेको छ । लकडाउन उल्लघंन गर्दै कतिपय व्यवसायीहरूले पसलखोलेको पाइएपछि जिल्लाप्रशासनकार्यलयले यस्तो निर्णय गरेको हो । १० देखि ४ बजेसम्मअत्यावश्यकीयपसल, व्यवसाय सञ्चालनगर्दा लकडाउनको उल्लंघन बढेपछि प्रशासनले १० बजेदेखि नै कडाई गर्ने बताएको हो ।

### राहत वितरण सुरू

कैलाली । कैलालीको जोशीपुर गाउँपालिकाले राहत वितरण सुरू गरेको छ । गाउँपालिकाअन्तर्गतका विभिन्न वडामा राहत वितरण गर्न सुरू गरिएको हो । गाउँपालिकाले पहिलो चरणमा १७ सय ९८ घर परिवारलाई राहतवितरण गर्ने भएको छ । बिहिबार वडा नम्बर ६ मा ९८ घरपरिवारलाई राहातवितरण गरीएको गाउँपालिकाकाले जनाएको छ । २५ केजीचामल, २ केजीदाल, १ लिटर खाने तेल, १ केजीनुन, २ वटा साबुनविपन्न घरपरिवालाई वितरण गरिएको छ । गाउँपालिकाको मापदण्ड बमोजिम राहत वितरण गरिएको हो ।

### बाराका दुई र पर्साका एक जनामा कोरोना

वीरगन्ज । बाराका २ दुई र पर्साका १ जनामा कोरोना भाइरस पोजिटिभ देखिएको पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा गरिएको परीक्षणमा बाराका दुई र पर्साका एक जनाको रिपोर्ट पोजेटिभ आएको हो । नेपालमा कोरोना संक्रमितको संख्या ५७ पुगेको छ । बाराको जीतपुर सिमरा नगरपालिकाका ४३ वर्षीय, सिम्रौनगढका ३१ वर्षीय र पर्साको वीरगञ्ज-२ छपकैयाका ४६ वर्षीय पुरूषहरूमा संक्रमण देखिएको हो । आइतबार वीरगञ्जका दुईजना व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएको थियो । तीनै जना दिल्लीमा तबलिगी जमातको धार्मिक सभामा सहभागी भएर फर्किएका थिए ।

### अवैध घरेलु मदिरासहित पाँच जना पक्राउ

मोरङ । कटहरी गाउँपालिका-३ कटहरी चोकबाट अवधै घरलु मदिरा करिब ५ सय ५९ लिटर सहित ५ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बेलबारी नगरपालिका-११ बस्नेहरू ४० वर्षीया मिना गुरूङ, ४४ वर्षीया अनिता राई, ४० वर्षीया रिता गुरूङ, ३५ वर्षीया आस्मा तामाङ र ४६ वर्षीय दिपक गुरूङ रहेका छन् । सोही ठाउँस्थित खटिएको प्रहरीले को.१ च २५३१ नम्बरको भेनलाई जाँच गर्ने क्रममा उक्त घरेलु मदिरा सहित उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाउने पहल भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### जबरजस्ती करणी गर्ने घिमिरे पक्राउ

मोरङ ।१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कानेपोखरी गाउँपालिका-३ बस्ने भोजपुर रामप्रसादराई गाउँपालिका-६ घर भएका १४ वर्षीया आस्विन घिमिरेलाई मंगलबार बेलुका प्रहरीले पक्राउ गरेको छ । घिमिरेले ती किशोरीलाई स्थानीय मकैबारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी रमाईलोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कपिलवस्तुमा करेन्ट लागेर एकको मृत्यु

कपिलवस्तु । यशोधारा गाउँपालिका-६ रामपुर बस्ने ४० वर्षीया आरती चाईको करेण्ट लागेर बुधबार दिउँसो मृत्यु भएको छ । आफ्नै गोठ अगाडि रहेको बिजुलीकोपोलमा करेन्ट सर्ट भई पोलमा रहेको तार चुँडिएर करेन्ट लाग्दा उनको घटनास्थलमैमृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### डुबेर तीन बालकको मृत्यु

बाँके । जिल्लाको बैजनाथ गाउँपालिकामा नालामा जमेको पानीमा डुबेर तीन बालकको ज्यान गएको छ । बैजनाथ गाउँपालिका-२ पितमारीस्थित बन्दै गरेको क्षेत्रिय कारागारको कम्पाउण्ड बाहिर रहेको पानी निकासको लागि खनेको नालामा जम्मा भएको पानीमा डुबेर तीन जना नाबालकको बिहीबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेहरू सोही ठाउँ बस्नेहरू १२ वर्षीय नरेश कुँवर, १२ वर्षीय नबिन परियार र ११ वर्षीय अमिल रावल रहेका छन् । उनीहरूको खेल्ने क्रममा डुबेर मृत्यु भएको बताइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# देशको राजनीतिक अवस्था र मधेशको गलत राजनीतिको भण्डाफोर



**सरोज कुमार मिश्र**

ज्ञानेन्द्र विरूद्धको आन्दोलनको सफलतापछि वर्तमानको समयसम्म आउँदा हाम्रो मधेशको राजनीतिमा १२ वर्षको वनबास र एक वर्षको अज्ञातवास सकिएको कुरा सबै लोकतन्त्र, गणतन्त्र, मधेशको अधिकारको निम्ति संघर्षरत् इमान्दार क्रान्तिकारी कट्टरपन्थी सबै मधेशी साथीहरूले मनन गरी प्रथम मधेश विद्रोहदेखि दुवै संविधानसभासम्म र हालको अवस्थासम्म गहिरो मधेशवादी दलहरूको समीक्षा गर्दा संदिग्ध, छदमभेषी, अवसरवादी, चाकरीवादी, परिवारवादी पद र पैसाको प्रलोभनमा परी दुवै संविधानसभामा देखिएको खेलको निरन्तरताको रूपमा अहिलेको खेलमा तथाकथित र मधेशी नेताका चरित्रले प्रमाणित गरिदिएको छ। यिनीहरू मधेश र मधेशी जनताप्रति इमान्दार छैनन्।

वर्तमान अध्यादेश, बजेट र सरकारको भूमिका र मधेशी नेताको चरित्रको सम्बन्धमा संक्षिप्तमा भन्नुपर्दा एउटा व्यक्तिलाई अपहरण गरी सिंगो पार्टीलाई कसरी फुटाउन सकिन्छ र यसमा धेरै जनाको भूमिका चाहिन्छ। पादेपछि मात्र गन्हाउँछ। आफूहरूले पार्टी फुटाउँछु र त्यति संख्याको सम्बन्धमा सरकारलाई विश्वास नदिलाए र सरकार पनि यिनीहरूको पार्टी फुटाउने हैसियत छ कि छैन, त्यसको विश्वसनीय हिसाब किताब नै नगरी सरकारले पनि दल विभाजन सम्बन्धी अध्यादेश कसरी ल्याउन सकिन्छ। मैथिलीमा उखान छ 'हमर मौगी नई उडहरतै त कोई जबरदस्ती उडहार सकतै' सरकारले पनि चुकेको देखिन्छ हालतको वर्तमान अवस्था भनेको पूरा विश्वको मानव जाति संकटमा फसेको बेला देश र जनतालाई यस लकडाउनको घडीमा कोरोना भाइरससँग लडी कसरी जित्ने यस सम्बन्धमा कस्ता व्यवस्थाहरू गर्ने तथा जनतालाई भोकमरीबाट बचाउन छिटो र छरितो कसरी बजेट दिने लकडाउनको अवस्था छ। भिड जुटाउन मिल्दैन। के संसदबाट बजेट दिने कि अध्यादेशमार्फत् दिने भनि कमसेकम नेपाली कांग्रेसका सभापतिसँग सरसल्लाह गरी पार्टीको समर्थन लिनु पर्दथ्यो।

मधेशी दलाल नेताहरूलाई सरसल्लाह पनि नगरे पनि हुन्थ्यो। निश्चय पनि देश र जनताभन्दा माथिको विषय संविधान र जनप्रतिनिधिहरू होइन लोकतान्त्रिक व्यवस्थामा एक्लै हिंड्न खोज्नुलाई नै निरंकुश तानाशाही हैकमवादी प्रवृत्ति भनिन्छ। यो महामारीको बेलामा देश र जनतालाई बचाउनको लागि निश्चय नै अध्यादेश मार्फत् बजेटको पक्षमा नेपाली कांग्रेस पार्टीभित्र छलफल गरी समर्थन मागेर अगाडि बढेको भए अनि मात्र त्यो दल सम्बन्धी अध्यादेश छिराएको भए सरकारको लागि यो अध्यादेश खारेज गरी फिर्ता लिने यो नौवत आउने थिएन होला। अनि मात्र दल सम्बन्धी अध्यादेश पनि सफल हुन्थ्यो र सत्ता र भत्ताको खेलमा रमाएकाहरू दुई-दुई पटक संविधानसभामा खेल देखाइसकेकाहरूले यस पटक पनि देखाउँथे होला र दल विभाजन पनि हुन्थ्यो। र सरकारमा पनि जान्थ्यो यो कुनै नौलो कुरा होइन अपहरणको बखेडा झिकेर जनतालाई बेबकुफ बनाउन पाइँदैन। लोकतन्त्र तन्त्र रक्षाको लागि भन्दै बजेट ल्याउने प्रक्रिया माथि नेपाली कांग्रेसले विरोध गर्नु स्वाभाविकै थियो। तर देश र जनता यो महामारी र भोकमरीबाट बाँचेपछि न लोकतन्त्रको कुरा आउँथ्यो।

अब देश र जनताका लागि यस संकटको घडीमा कोरोना भाइरससँग लड्दै समयमा छिटो र छरितो तरिकाले जनताले सबै प्रकारको राहत पाओस् र लकडाउनको पालना पनि होस् त्यसको लागि विकास बजेट कटौती गरेर हुन्छ कि के कसो गरे हुन्छ। फास्ट ट्रयाकबाट सबैले मिलेर राजनीतिकभन्दा माथि उठेर अहिलेको बेलामा आफू पनि बचौं र अरूलाई पनि बचाऔं राजनीति भनेपछि कोरोना भाइरसको संकटको नियन्त्रण भएपछि गर्नेतिर लागौं। यति भन्दै हामी मधेशको राजनीतिमा मधेश र मधेशीलाई धोका दिने गदारी गर्नेहरूको साथमा आफू सद्भावमा परित्याग गरी तमलोपामा गई राजपा नेपालको निर्माण भयो र हाम्रो १२ वर्षको वनवास सकियो। राजपा नेपाल परित्याग गरी विद्रोह गरी सामूहिक रूपमै एक वर्षको अज्ञातवश बिताउनको लागि संघीय समाजवादी फोरममा प्रवेश गरियो अब हाम्रो एक वर्षको अज्ञातवास पनि पूरा भएको छ। यसरी सुनसरी जिल्लाबाट सुरू भएको विद्रोहले मधेशको प्राय सबै जिल्लामा वैकल्पिक शक्ति निर्माणको तयारी भइसकेको हुनाले आफूहरू राजपा नेपाल र समाजवादी पार्टीको एकताको पक्षमा नभएको हुनाले समाजवादी पार्टीबाट राजीनामा दिएको घोषणा गर्दछु।

# १३ लाख टन सामग्री भित्रियो

विराटनगर। सरकारले कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि लकडाउनको अवधिमा पनि ठूलो परिमाणमा विराटनगर भन्सार नाकाबाट खाद्यान्न, तरकारी र फलफूल भित्रिएको छ। लकडाउनको ३५ दिनको अवधिमा सो नाकाबाट ७१ करोड ४० लाख ५९ हजार ९ सय १७ रूपैयाँ मूल्य बराबरको १३ लाख २ हजार ५ सय ३४ टन खाद्यान्न, तरकारी र फलफूल भित्रिएको हो।

विराटनगर भन्सारका प्रमुख शिव भण्डारीका अनुसार विराटनगर नाकाबाट सबै भन्दा बढी दुई करोड ९१ लाख ९७ हजार छ सय आठ रूपैयाँ मूल्य बराबरको साढे चार लाख ४३ हजार ७ सय १० किलोग्राम चामल भित्रिएको छ। त्यसैगरी २२ करोड ५१ लाख ५५ हजार चार सय ९९ रूपैयाँ बराबरको ६८ लाख ५१ हजार एक सय ४२ किलोग्राम भुटेर खाने मकै नेपाल भित्रिएको छ। त्यस्तै धान तीन करोड ५४ लाख ४८ हजार सात सय २४ रूपैयाँ बराबरको आठ लाख ६५ हजार ५७ किलोग्राम भित्रिएको छ। ९४ लाख ६२ हजार नौ सय ७६ रूपैयाँ बराबरको दुई लाख ७९ हजार तीन सय ६५ किलोग्राम गहुँ भित्रिएको छ। त्यस्तै खाद्यान्नको रूपमा प्रयोगमा आउने मकै २३ करोड ६५ लाख ३६ हजार बराबरको ७१ लाख ४६ हजार नौ सय ३२ किलोग्राम विराटनगर भित्रिएको छ।

त्यसै गरी तरकारीतर्फ तीन करोड १९ लाख एक हजार तीन सय ९६ रूपैयाँ बराबरको ११ लाख ६० हजार नौ सय ८६ किलो आलु भित्रिएको छ। चार करोड २६ लाख १३ हजार सात सय ६८ रूपैयाँ बराबरको ११ लाख ९१ हजार १२ किलो प्याज र ३३ लाख १९ हजार छ सय पाँच रूपैयाँ बराबरको एक लाख ७६ हजार आठ सय २२ किलो हरियो तरकारी भित्रिएको छ। भारत लगायत तेश्रो मुलुकबाट आएको आठ करोड २१ लाख ७३ हजार तीन सय ४१ रूपैयाँ बराबरको १० लाख ८८ हजार १ सय ६१ किलो फलफुल पनि यही अवधिमा भित्रिएको हो। नाकाबाट मानिसको आवतजावत पूर्णरूपमा बन्द भएपनि आयात र निर्यातमा भने कुनै अवरोध छैन। अन्य भन्सारमा अवरोध भएपनि विराटनगर भन्सारबाट भने निर्वाध आयात निर्यातको काम भइरहेको छ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## चीनबाट ल्याइएका पोर्टेबल पिसिआर मेसिन अप्रभावकारी

काठमाडौं। सरकारले कोरोनाभाइरस (कोभिड(१९) को परीक्षणका लागि चीनबाट खरिद गरेर ल्याएको पोर्टेबल पिसिआर मेसिन प्रभावकारी नभएपछि थन्किएको छ। दैनिक १२ वटा नमूना परीक्षण गर्न पनि मुस्किल भएपछि अधिकांश प्रयोगशालाले यो मेसिनबाट परीक्षण गर्ने काम रोकेका छन्। सरकारले चीनबाट प्रति मेसिन २१ लाख खर्चेर पाँचवटा पोर्टेबल पिसिआर मेसिन ल्याएको हो।

सरकारले यो मेसिन जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा वितरण गरेको छ। यो मेसिनबाट एकचोटीमा एउटा मात्र नमूनाको परीक्षण गर्न मिल्छ र त्यसको नतिजा आउन डेढ घण्टा लाग्छ। यसरी परीक्षण गर्दा दिनमा १० वटा नमूनाको परीक्षण हुन्छ। यो मेसिनबाट परीक्षणको चाप धान्न नसक्ने प्रयोगशालामै काम गर्ने स्वास्थ्यकर्मीहरूको ठहर छ।

जनकपुरमा यो मेसिनबाट अहिलेसम्म सय वटा मात्र नमूनाको परीक्षण गरिएको छ। साथै यो मेसिनको नतिजामा त्रुटी देखिएपछि केही दिनदेखि मेसिनबाट गरिने परीक्षणको काम रोकिएको छ। उक्त मेसिनमा दुईपटक नेगेटिभ देखिएको नतिजा काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पोजेटिभ देखिएपछि मेसिनको गुणस्तरमाथि प्रश्न उठेको हो।

अहिले चीनबाट ल्याएको पाँचवटै पोर्टेबल पिसिआर मेसिन प्रयोगविहीन जस्तै बनेको छ। सरकारले यो मेसिन ल्याउनुपूर्व देशमै भएका आरटी पिसिआरलाई प्रयोगमा ल्याउनुपर्ने विज्ञहरूको तर्क छ।

## महामारीमा मोदीको नेतृत्व प्रशंसनीय : विल गेट्स

काठमाडौं। गेट्स फाउन्डेसनका अध्यक्ष बिल गेट्सले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रंशसा गरेका छन्। माईक्रोसफ्टसका संस्थापक समेत रहेका गेट्सले प्रधानमन्त्री मोदीलाई पत्र लेखी उनले महामारीको नियन्त्रण र रोकथामका लागि चालेको कदमहरूको सराहना गरेका हुन्। मोदीले महामारी नियन्त्रण तथा रोकथामका लाई अपनाएको रणनीतिहरूलाई गेट्सले उत्तम भनेका छन्। भारतमा गरिएको देशव्यापी लकडाउन, पकेट एरियाको पहिचान गरी गरिएको टेस्टिंग तथा क्वारेन्टाईनलाई गेट्सले उपयुक्त उपाय बताएका छन्। विट्सले भारतले डिजीटल क्षमताको प्रयोग गर्दै कन्ट्याक्ट ट्रेसिङको उपाय अपनाएकोले पनि मोदीका प्रंशसा गरेका हुन्। भारतले स्वास्थ्य क्षेत्रमा अनुसन्धान एवम् आविष्कारकामा बजेट बढाएर पनि प्रशंसनीय कार्य गरेको उक्त पत्रमा उल्लेख गरिएको छ।

## भारतमा एक नेपालीमा कोरोना संक्रमण पुष्टि

बर्दिया। भारतको बहराइचमा रहेका बर्दियाका एकजनामा कोरोना संक्रमण पुष्टि भएको छ। बर्दियासँग सीमा जोडिएको बहराइचमा एक नेपालीसहित आठजनामा कोरोना संक्रमण पुष्टि भएको हो। कोरोना संक्रमित व्यक्ति ठाकुरबाबा नगरपालिका-२ सुजनपुरका रहेको प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले जानकारी दिए। रूपैडिहा बहराइचको सेल्टर क्वारेन्टाइनमा रहेका तीनजना नेपालीको नमुना परीक्षण गर्दा एकजनामा कोरोना पुष्टि भएको हो। बहराइचमा कोरोना संक्रमित फेला परेपछि सीमा क्षेत्रमा उच्च सर्तक रहन सुरक्षाकर्मीलाई निर्देशन दिइएको छ। कोरोना संक्रमित आठजनामध्ये दुई भारतीय बर्दियाको राजापुर, मधुवन नगरपालिका आसपासमा काम गर्ने रहेको खुलासा भएको छ।

## भारतले ५ लाख चिनियाँ र्‍यापिड टेस्ट किट रद्द गऱ्यो

नयाँ दिल्ली। भारतले चीनबाट पाँच लाख र्‍यापिड टेस्टिङ किटको अर्डर रद्द गरेको छ। यो टेस्टिङ किटले सही नतिजा नदेखाएका कारण अर्डर रद्द गरेको जानकारीमा उल्लेख छ। भारतको केन्द्र सरकारले राज्यमा पठाइएको टेस्टिङ किट फिर्ता मागेको छ। यी किटमार्फत् संक्रमित व्यक्तिको रगतमा एन्टीबडीबारे पत्ता लगाइन्छ। र्‍यापिड टेस्टिङ किटमार्फत् परिणाम हासिल गर्न आधा घण्टा लाग्छ। यसमार्फत् अधिकारीले कुनै विशेष इलाकामा संक्रमणको वृद्धिबारे अनुमान गर्न सक्छन्। यद्यपि, र्‍यापिड टेस्टिङ किटमार्फत् कोरोनाभाइरसको परीक्षण भने हुन सक्दैन र यस्तोमा थुप्रै वैज्ञानिकले यसको प्रयोगमा प्रश्न उठाइरहेका छन्। भारतका केही राज्यले र्‍यापिड टेस्टिङ किटको प्रयोगपछि असन्तुष्टि व्यक्त गरेका थिए र यसको परिणाममा ५ प्रतिशत मात्रै विश्वास गर्न सकिने बताएका थिए। राज्यका अनुसार यी किट्समार्फत् कोरोना संक्रमित व्यक्तिको परीक्षण गर्दासमेत नतिजा नेगेटिभ देखिएको छ।त्यसपछि इन्डियन काउन्सिल अफ मेडिकल रिचर्सको क्वालिटी चेकमा यी टेस्ट किट फेल भए।

## आफ्ना नागरिक विदेशबाट ल्याउने भारतीय विशेष योजना

काठमाडौं। कोरोना भाइरसको संक्रमणका कारण विदेशमा रहेर बेरोजगार बनेका तथा आफ्नो देशमा आउन चाहने लाखौं नागरिकलाई भारतले स्वदेश ल्याउने विशाल योजना बनाएको छ। स्ट्रान्टन्यूज ग्लोबलका अनुसार जल, थल र वायु तीन वटै सवारी साधनको प्रयोग गरेर भारतीयहरूलाई देशमा ल्याउने योजना रहेको बताइएको छ। स्ट्रान्टन्यूजले सरकारी विभिन्न धेरै स्रोतहरूलाई उल्लेख गर्दै विशेष गरी तत्काल गल्फ देशहरूबाट भारतीयलाई ल्याउने कदम प्रक्रियामा अगाडि बढिसकेको जनाएको छ। पूर्वी एसियाली देशका सरकारहरूसंग भारतले छलफलसमेत गरिसकेको छ। गल्फ देशहरूमा लाखौंको संख्यामा रहेका भारतीयहरूले आफ्नो जागिर गुमाइसकेकाले तिनीहरूलाई तत्काल उद्दार गर्ने योजना भारत सरकारको रहेको छ। पूर्वी एसियामा मात्र ८० लाखको हाराहारीमा भारतीयहरू काम गर्छन्। यसरी ठूलो संख्यामा उनीहरूलाई फर्काउनका लागि ती देशका राजदूतहरूले काम गरिरहेको बताइएको छ। उनीहरू भारत फर्केपछि तीन सुरक्षाकर्मी, केन्द्रीय सशस्त्र प्रहरी फोर्स र केन्द्र सरकारले तोकेका स्थानमा १४ दिन क्वारेन्टाइनमा बसेर मात्र कोरोनाको परीक्षणपछि घर जान सक्नेछन्। यो विशाल संख्यामा हुने भएकाले पनि भारतले यसबारेमा निकै ठूलो तयारी गरिरहेको बताइएको छ। भारतमा मे ३ तारिखसम्म लकडाउन रहेको छ।

## सिमानामा सशस्त्र बल परिचालन

काठमाडौं। लकडाउनलाई प्रभावकारी बनाउन नेपाल-भारत सीमामा डेढ-डेढ किलोमिटर दूरीमा सशस्त्र प्रहरी बल परिचालन गरिएको छ। लकडाउनको सबैभन्दा प्रमुख चुनौति नेपाल-भारतको खुला सीमा भएकोले २२६१६ सशस्त्र प्रहरी परिचालन गरिएको छ। पूर्व ताप्लेजुङदेखि पश्चिम दार्चुलासम्मको करिब १ हजार ८ सय ८० किलोमिटर दूरीमा सीमा सील गर्न १ हजार २ सय १३ अस्थायी चेकपोस्ट खडा गरिएको छ। नयाँ चेक पोस्टमा मात्रै साढे ८ हजार जनशक्ति परिचालन गरिएको छ। यो जनशक्ति दसगजामै राखिएको छ।

यसअघि सीमा सुरक्षाका लागि ११९ बोर्डर अब्जरभेसन पोस्ट (बीओपी) काम गरिरहेका छन्। सशस्त्र प्रहरी बलका प्रवक्ता एवं डीआईजी प्रविनकुमार श्रेष्ठका अनुसार सीमा नाका सुरक्षा, क्वारेन्टाइन सुरक्षा, हेल्थ डेस्कलगायत 'इमिडियट रेस्पोन्स टिम', चेक पोइन्ट, पिकेट, पैदल गस्ती, मोवाइल गस्ती, 'क्वीक रिएक्सन टिम' परिचालन गरिएको छ। उपत्यकामा ३ हजार र कर्णालीमा १७ सय सहित आइसोलेसन, क्वारेन्टाइन व्यवस्थापन, पैदल गस्ती, बिरामी ल्याउने लानेसहित ३२ हजार बढी सशस्त्र बल फिल्डमा परिचालनमा छन्।

## चीनसँग १३० अर्व पाउण्डको क्षतिपुर्ती माग्न जर्मनीमा अभियान

बर्लिन। विश्वमा फैलिरहेको कोरोना भाइरसको महामारीको बीचमा जर्मनीको एक पत्रिकाले चीनसँग उक्त भाइरस फैलाएको आरोपमा १ सय ३० अर्व पाउण्ड बराबरको क्षतिपुर्ती माग दावी गरेको छ। जर्मनीको एक प्रमुख पत्रिका 'बिल्ड'ले चीन सरकारसँग समयमा सूचना प्रवाह नगरेर कोरोना फैलिन मद्धत गरेको भन्दै उक्त माग दाबी गरेको एक्सप्रेस न्यूजले जनाएको छ। अमेरिका, बेलायत, फ्रान्स पछि जर्मनी पनि चीनले कोरोना भाईरस निर्माण गरेको भन्ने कुरामा अनुसन्धान हुनपर्ने भन्ने मतमा एक ठाउँमा आइपुगेका छन्। चीनको वुहानमा माछा-मासु बजारबाट शुरू भएको भनिएको कोरोना चीनले बनाएको आरोपहरू पश्चिमा देशहरूले लगाउन थालेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदी कोरोना भाईरस मानव निर्मित हो भन्ने प्रमाणित भयो भने चीनले नसोचेको परिस्थितिको सामना गर्नु पर्नेछ भन्दै चीनलाई सचेत पारेका छन्। चीनले आफूले रोक्न सक्ने भाईरस पनि नरोकेर विश्वभर फैलिन छाडेको आरोप पश्चिमा देशरूले लगाइरहेका छन्। शुरूवाती समयमा आएको सूचनालाई लुकाउने प्रयासमा चीनले उक्त भाईरस विश्वभरी फैलाउन सहयोग गरेको भन्दै जर्मनीले क्षतिपुर्ती माग गरेको हो। बिल्डले १ सय ३० अर्वलाई टुक्राएर क्षतिपुर्ती माग गरेको छ। जर्मनीको पर्यटन, हवाई, मनोरञ्जन आदी लगायतको क्षेत्रमा ठूलो नोक्सानी भएको भन्दै उक्त पत्रिकाले क्षतिपुर्ती माग गरेको हो। २७ अर्व पाउण्ड पर्यटनमा भएको नोक्सानी, ७.२ अरव पाउण्ड चलचित्र उद्योगमा भएको क्षति, ५० अर्व जर्मनीमा रहेका साना उद्योगहरूमा भएको घाटा र बाँकी कुल ग्राहस्थ उत्पादनमा हुने घाटा चीनले ब्योहोर्नु पर्ने भन्दै 'बिल्ड'ले माग गरेको छ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# आतंकवादी संगठनले आईएनजीओ मार्फत नेपालमा अर्बौं रकम भित्र्याइरहेको खुलासा



काठमाडौं, । सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगले नेपालमा केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ)ले अन्तर्राष्ट्रिय खुफिया एजेन्सी आईएसआईएस, अलकायदा तथा अन्य आतंकवादी संगठनमार्फत अर्बौं रूपैयाँ भित्र्याइरहेको हुन सक्ने आशंका गरेको छ ।

आईएनजीओबाट नेपाल भित्रिने अर्बौं रूपैयाँ अपारदर्शी रहेको र स्रोत खुल्न नसकेको भन्दै आयोगले सबै आईएनजीओलाई सूक्ष्म निगरानीमा राखी अध्ययन गर्नसमेत सरकारलाई सुझाएको छ ।

सरकारले समाज कल्याण परिषद्मा देखिएको अनियमितता र विकृतिबारे छानबिन गर्न पूर्वमुख्य न्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । १८ साउन २०७५ मा गठन भएको सो आयोगले आफ्नो प्रतिवेदन केही दिनअघि मात्रै सरकारलाई बुझाएको छ ।

आयोगले गत एक वर्षमा नेपालमा रहेका आईएनजीओले विभिन्न परियोजना र कार्यक्रमको नाममा ४२ अर्ब रूपैयाँ भित्र्याएको समेत औंल्याएको छ । आयोगका अनुसार हाल नेपालमा २५० आईएनजीओ कार्यरत छन् ।

सो आयोगले समाजकल्याण परिषद्मा भएको अनियमितताका साथै आईएनजीओमार्फत आएको रकमबारे समेत अध्ययन गरेको थियो ।

छानबिन र अध्ययन क्रममा नेपालमा आईएनजीओले ल्याउने गरेको अर्बौं रूपैयाँको स्रोत अन्तर्राष्ट्रिय खुफिया र आतंकवादी संगठनहरूको समेत हुन सक्ने भन्दै सरकारलाई यसमा सचेत रहन सुझाव दिइएको जाँचबुझ आयोगका एक सदस्यले राजधानीलाई बताए ।

जाँचबुझ आयोगले सरकारलाई बुझाएको सो प्रतिवेदनमा भनिएको छ, 'आईएनजीओको कोषको स्रोत आईएसआईएस, अलकायदा वा अन्य कुनै आतंकवादी संगठनसँग पनि जोडिएको हुन सक्छ, त्यसतर्फ पनि गम्भीर रूपमा ध्यान दिन जरूरी छ ।'

प्रतिवेदनमा यस्तो विषयमा सरकार र सम्बन्धित निकायले गम्भीरतापूर्वक ध्यान दिएर रोक्न नसके गलत अभीष्ट तथा उद्देश्यबाट आएको पैसा र परियोजनाले नेपाली भूभागमा धार्मिक, जातीय वा साम्प्रादायिक भड्काव फैलाउने र राज्यलाई नै विखण्डनतर्फ धकेल्ने खतरासमेत बढ्ने भन्दै सचेत रहन सुझाव दिइएको छ ।

आईएनजीओको रकम चर्च, गुम्बा र मस्जिदमा

प्रतिवेदनमा कतिपय आईएनजीओले विकासका नाममा भित्र्याएको रकमले चर्च, गुम्बा, मस्जिद बनाउने गरिएको समेत औंल्याइएको छ र त्यस्तो कार्य रोक्न सरकारलाई सुझाव दिइएको छ ।

आयोगले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम स्वीकृत गर्दा सो संस्थाको कार्यक्रम, उद्देश्य, कामको प्रकृति, पार्टनर संस्था र राष्ट्रिय आवश्यकताको आधारमा सरोकारवाला निकायका रूपमा रहेका अर्थ मन्त्रालय, परराष्ट्र र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अध्ययन अनुसन्धानपश्चात् मात्रै गर्न उपयुक्त हुने सुझाव दिइएको छ ।

'अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना ल्याउँदा सो परियोजना सञ्चालनको भित्री राजनीतिक, धार्मिक, सांस्कृतिक, कूटनीतिक उद्देश्य के रहेको भन्ने स्पष्ट हुन जरूरी छ,' प्रतिवेदनमा भनिएको छ ।

– राजधानी दैनिकबाट


**मैथली भाषामा**

**हमरा सवलेल जिम्मेवारी, कोराना भाइरस संक्रमण रोकळलेल अपनाऊ होशियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसऽ फैलऽवला संक्रमण अइछ ।
- संक्रमित भेल व्यक्तिसऽ खोकला आ छिंकलासऽ निकलैवाला थुक आ पोटाके माध्यमसऽ यी भाइरस एक व्यक्ति सऽ दोसर व्यक्तिमे फैलइछेइ ।

**यी रोगसऽ बचकेलेल कि करऽ परतई ?**

- खोकैत आ छिंकैत काल नाक, मुख झँपु , आ प्रयोग क्यालगेल टिसूपेपरके तुरन्त कुडा फेकवाला कुडादानीमे फेकू ।
- समय समयमे साबुन पाइनसऽ निकसऽ मैलमैलकऽ हात धोऊ । आ सनिटाइजर हातमे लगाऊ । ककरोसऽ भेटैछि त हात नैमिलाऊ । मात्र नमस्कार, चाहे प्रणाम करु ।

**आ, कि नइ करैक चाही ?**

- खोकी लागल आदमीसऽ दुरी बनाकऽ रहु । आ अगर अपनहूके खोकी लागल अइछ त दोसर आदमीसऽ दुर रहु । भीडभाडमे नइजाऊ आ दोसोरो लोग सबके भीडभाडमे नइजाऊ से कहिके बुझाऊ ।

**आरो ध्यान देववाला बातः**

- बोखार लगलापर, खोकी भेलापर, आ स्वाँस लेलापर दिकत भेलापर जल्दिसऽ लगके स्वास्थ्य संस्थामे सम्पर्क करु ।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नइलागैवाला टेलिफोन नं. ११९५ मे फोन कऽ सकैछि ।
- डेराऊ नईं सतर्क रहू ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## जिल्ला समाचार

### अनलाइन कक्षा असम्भव : मन्त्री साह

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेशका अनलाइन कक्षा सञ्चालन गर्न सम्भव नहुने बताएको छ । भर्चुअल प्रेस मिटमा सामाजिक विकासमन्त्री नवलकिशोर साहले प्रदेश २ मा गरिबीको रेखामुनिको जनसंख्या धेरै रहेको र अधिकांश परिवारमा मोबाइल, इन्टरनेट, टेलिभिजन र रेडियोमा सहज पहुँच नभएकाले तत्कालै अनलाइन कक्षा सञ्चालन गर्न सम्भव नभएको बताएका हुन् । उनले एसइई, कक्षा ११ र १२ को परीक्षा तथा नयाँ शैक्षिक सत्र सुरू गर्न कोरोना नियन्त्रण भई लकडाउन खुल्ने दिन पर्खिनुपर्ने बताए । 'कोरोना भाइरसलाई कम आँक्न भएन । हाम्रो प्रदेशमा गरिबी धेरै छ । घर घरमा मोबाइल छैन, गाउँमा इन्टरनेट छैन । त्यसैले अनलाइन कक्षा अहिले नै सम्भव छैन' उनले भने । लकडाउन लम्बिँदै जाँदा पठनपाठनको नयाँ विधि के हुनसक्छ भन्नेबारे शिक्षा मन्त्रालय र सात वटै प्रदेशका सामाजिक विकासमन्त्रीसँग नियमित छलफल भइरहेकाले कुनै उपाय निकालिने मन्त्री साहले बताए । केन्द्रीय सरकारको निर्देशन अनुसार प्रदेशले समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिरहेको उनी बताउँछन् । लकडाउनको अवधिको शैक्षिक शुल्क नलिन पनि शैक्षिक संस्थाहरूलाई उनले आग्रह गरे ।

### सीमामा सशस्त्र प्रहरीको पहरा

बैतडी । महाकाली नदीमा ट्युबमार्फत नेपालीहरू स्वदेश फर्कने क्रम नरोकिएपछि बैतडीका विभिन्न घाटमा सशस्त्र प्रहरी परिचालन गरिएको छ । कोरोनाको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सीमा नाका सशस्त्र प्रहरी खटाइएका हुन् । तर सीमामा रहेका सशस्त्र प्रहरीहरूले विभिन्न समस्या झेल्दै आएका छन् । जिल्लाका ६ ठाउँमा सशस्त्र प्रहरी परिचालन गरिएको सशस्त्र प्रहरी बल नम्बर ५१ गुल्मका सशस्त्र प्रहरी नायव उपरीक्षक अमित सिंहले बताए । महाकाली नदी किनारैकिनार सीमा भएकाले नदी किनारमै खटिनुपर्ने बाध्यता सशस्त्र प्रहरीलाई छ । सीमामा बिओपी नहुँदा अस्थायी क्याम्प बनाएर प्रहरी परिचालन गर्नुपरेको सशस्त्र प्रहरी नायब उपरीक्षक सिंहले बताए । सीमा क्षेत्रमा अहिले ८० जना सशस्त्र प्रहरी खटिएका छन् । उनीहरूले चौबिसै घण्टा सीमामा पहरा दिइरहेका छन् । अवैध नाकाबाट ट्युबबाट महाकाली तरेर भारतबाट नेपालीहरू फर्कन थालेपछि सीमामा कडाइ गरिएको हो । सीमामा खटिएका प्रहरीलाई स्थानीय तहहरूले केही सहयोग गरेको भएपनि पार्याप्त भने हुन सकेको छैन् ।

### सम्पर्कमा आएकाहरूको स्वाब संकलन हुँदै

रौतहट । रौतहटमा कोरोना संक्रमण भेटिएका दुई जनाको सम्पर्कमा आएकाहरूको पहिचान गरेर स्वाब संकलन भइरहेको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले रौतहटका तीन ठाउँमा स्वाब संकलन भइरहेको जानकारी गराएका छन् । रौतहटको बृन्दावन नगरपालिकाका २०, देवाही गोनाही नगरपालिका वडा नं–९ र ईशनाथ नगरपालिकाका १७ जनाको स्वाब संकलन बुधवार भइरहेको प्रजिअ घिमिरेले जानकारी गराएका छन् । वृन्दावन र देवाही गोनाहीमा मंगलवार दुई जना कोरोना संक्रमित पुष्टि भएका छन् । दुवैको उपचार वीरगंजमा भइरहेको छ भने वीरगंजमै उपचार गराएर ईशनाथ नगरपालिका वडा नं–५ का एक जना युवक घर फर्किसकेका छन् । संक्रमितबाट थप अन्यमा संक्रमण भए नभएको पहिचान गर्न स्वाब संकलन गरी परीक्षणको लागि पठाइने प्रजिअ घिमिरेको भनाइ छ । स्वाब संकलनको लागि स्वास्थ्यकर्मीहरूको तीन वटा समूह सम्बन्धित नगरपालिकामा पुगिसकेका छन् ।

### क्वारेन्टाइनमा बसेकाहरू आआफ्नो देश फिर्ता

बुटवल । रूपन्देहीको भैरहवा-सुनौली नाकामा भारतीय पक्षले स्थापना गरेको क्वारेन्टाइनमा २५ दिन बसेका एक सय १२ जना नेपालीलाई स्वदेश ल्याइएको छ । यसअघि पनि एक सय दुई जनालाई नेपाल ल्याइएको थियो । सीमा क्षेत्रको क्वारेन्टाइनमा तीन सय ३५ नेपाली थिए । अर्घाखाँची, गुल्मी, पाल्पा लगायत जिल्लाका एक सय १२ जना नेपाल फर्केको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता खड्क बहादुर खत्रीले बताए । आरडीटी परीक्षण गरेर मात्रै उनीहरूलाई मुलुक प्रवेश गराइएको हो । भारतको क्वारेन्टाइनमा रूपन्देही, अर्घाखाँची, पाल्पा, चितवन, तनहुँ, बारा, कपिलवस्तु, प्युठान, धादिङ, बागलुङ, स्याङ्जा, जाजरकोट, खोटाङ, बाँके, मोरङ, सुनसरी र पूर्वी नवलपरासी गरी १८ जिल्लाका नागरिक छन् । यसमध्ये धेरै गुल्मी र अर्घाखाँचीका छन् । यसैगरी, नेपालतर्फको क्वारेन्टाइनमा बसेका एक सय ५४ जना भारतीयलाई पनि उनीहरूकै देश पठाइएको छ । उनीहरू भैरहवास्थित प्रतिमान-नीमा स्मृति प्रतिष्ठानको क्वारेन्टाइनमा २५ दिन बसेर भारत फर्किएका हुन् ।

### भारतको झुलाघाटबाट फर्काउन थालियो

बैतडी । ३४ दिनदेखि भारतीय सीमा नाका झुलाघाट र पिथौरागढ क्वारेन्टाइनमा रहेका ८३७ जना नेपालीलाई नाका खोलेर नेपाल ल्याउन सुरू गरिएको छ ।
र सरकारको पहलमा जिल्ला प्रशासन कार्यालय बैतडीले नाका खोलेर नेपाल ल्याउन सुरू गरेको बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले जानकारी दिए । विहीबार मध्यान्हसीमा नाकाबाट तीनसय जना भित्रिसकेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रनाउ डिल्लीनारायण पाण्डेयले जानकारी दिए । भारतबाट नेपाल भित्रिएका नेपालीको स्वास्थ्य जाँच गर्न जिल्ला स्स्वास्थ्य कार्यालयले उपकरणसहित १० जना भन्दा बढी स्वास्थ्यकर्मी सीमाना कामाका खटाएको छ । भारतबाट नेपाल ल्याउन लागेका सबै जना एक महिनाभन्दा बढी भारतीय क्वारेन्टाइनमा बसे पनि नेपाल सरकारको नीति अनुसार सीमा नाकामै स्वास्थ्य परीक्षण गरिएको छ । भारतीय क्वारेन्टाइनमा रहेका नेपालीले लामो समयपछि नेपाल फर्किन पाएकोमा खुशी व्यक्त गरेका छन् ।

### नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन

रौतहट । जिल्लामा दुई जनामा कोराना संक्रमण पुष्टि भएसँगै लकडाउनमा थप कडाई गरिएको छ । अन्य समयको तुलनामा जिल्लामा लकडाउनमा कडाइ गरिएको हो । बृन्दावन नगरपालिकामा मंगलबार कोरोना संक्रमण पुष्टि भएपछि बुधबारदेखि सो नगर क्षेत्रमा लकडाउन थप कडाइ गरिएको छ । मंगलबार रौतहटमा दुई जना पुरूषमा कोरोना संक्रमण पुष्टि भएको हो । रौतहटमा कोरोना संक्रमण भेटिएका दुबै जनाको सम्पर्कमा आएकाहरूलाई पहिचान गरेर स्वाब संकलन भइरहेको छ । कोरोना पुष्टि भएको दुबै नगरपालिकाको वडाहरूलाई चार किल्ला बनाएर सील गरिएका छ । बृन्दावनको अन्य वडामा नेपाल प्रहरी, शसस्त्र प्रहरी परिचालन गरेको नगर प्रमुख राम स्नेही यादवले बाएका छन् । बुधबार बृन्दावन नगरपालिकाको प्रत्येक वडामा नेपाल प्रहरी, शसस्त्र प्रहरीसँगै नगर प्रमुख राम स्नेही यादवले अनुगमन गरि लकडाउन पालना गर्न नगरवासीमा आग्रह समेत गरेका छन् ।नगर प्रमुख यादवका अनुसार बृन्दावनका वडा नं–१, २, ३ र ८, ९ मा नेपाल प्रहरी र शसस्त्र प्रहरी सँगै सो वडाहरूबाट ७–७ जना भोलेन्टियर समेत परिचालन गरिएको बताएका छन् । संक्रमितको सम्पर्कमा आएकाहरूको स्वाब रिपोर्ट नआएसम्म बृन्दावमा लकडाउन कडा हुने मेयर यादवले बताएका छन् । बृन्दावको सार्वजनिक स्थानमा समेत सिल लगाएको छ । राजमार्गमा पहिलाको तुलनामा आवत जावतमा समेत कडाइ गरिएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी हेम बहादुर शाहीले बताए ।

### लाठी प्रहार गरी हत्या

रूपन्देही । लाठी प्रहार गरी मायादेबी गाउँपालिका-१ धमौली बस्ने ४० वर्षीय राम नेवास लोधको हत्या गरेको अभियोगमा २ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्नेहरू ५९ वर्षीय प्रमेश्वर धोबी र ३० वर्षीय राजमन लोध भन्ने केदार लोध रहेका छन् । सामान्य विवादको क्रममा उनीहरूले लाठीले प्रहार गर्दा गम्भीर घाइते भएका राम नेवासको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । घटनाको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सूर्यपुराबाट खटिएको प्रहरीले प्रमेश्वर र केदारलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-२० राझा चोकमा भे.३ प ३९ नम्बरको मोटरसाइकल शनिबार अनियन्त्रित भई दुर्घटना हुँदा हुम्ला ताजाकोट घर भएका सुभास सार्कीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका सुभासको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

# वन कर्मचारीहरूका लागि छुट्टै पोषाक दिन मधेशका लागि वनको ध्यानाकर्षण

काठमाडौं । सम्पूर्ण वन कर्मचारीहरूका लागि छुट्टै पोषाक कोड बनाइ तत्काले पोषाक सुविधा उपलब्ध गराउन मधेशका लागि वनले सरकारलाई ध्यानाकर्षण गराएको छ । मधेशका लागि वनका राष्ट्रिय संयोजक बेचन कुमार महतोले सरकारलाई आइतबार यस्तो ध्यानाकर्षण गराएका हुन् । वन सेवालाई अझ मर्यादित, विश्वनीय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली वन प्राविधिकहरूको पेशागत पहिचान स्थापना हेतु वन संरक्षण र व्यवस्थापनको लागी दिनरात फिल्डमा रही दायित्व निर्वाह गर्नु पर्ने सम्पुर्ण वन कर्मचारीहरूको लागी छुटै पोषाक कोड आवश्यक रहेको महतोको माग छ ।

'पेशागत दक्षता, ईमन्दारीता र लगनशिलताको छुटै पहिचान वोकेको नेपालको वन क्षेत्रमा कार्यरत कर्मचारीहरू सँग कर्तव्यपालनको क्रममा हुने गरेको दु:खद घटना पनि सवैले देखि आएकै छौं ।' महतोले ध्यानाकर्षणपत्रमा भनेका छन् । नेपालमा वन संरक्षण र व्यवस्थापन सधैभरी सवैको चासोको विषय वन्दै आएको छ । सो तहत वन व्यवस्थापनका विभिन्न मोडालिटी अनुसार नेपालको वन संरक्षण तथा व्यवस्थापन हुँदै आएको पनि छ । वन संरक्षण तथा व्यवस्थापनका विभिन्न पात्र तथा विभिन्न मोडेलहरूका आ-आफ्नै सफलताका कथाहरूका वावजुद पनि वन संरक्षणमा अहोरात्र खटिने वन सेवा अन्तरगतका विभिन्न तहका कर्मचारीहरू समेतको भगिरथी प्रयास र वन संरक्षणको भिष्म प्रतिज्ञाकै कारण पच्छिलो समयमा नेपालको कुल वन क्षेत्र वढ्दै गएको रिर्पोटहरू पनि सार्वजनिक हुँदै आएका छन् ।

यस मानेमा वन संरक्षण र व्यवस्थापन कार्यमा नियमित रूपमा खटिनु हुने सम्पुर्ण व्यवस्थापक र संरक्षणकर्मीहरू धन्यवादका पात्रहरू हुन् ।

# भारतीय सहयोगका ६७ साना आयोजना कार्यान्वयन प्रक्रियामा

काठमाडौँ । आगामी आवदेखि भारतीय दूतावासले ५ करोड रूपैयाँसम्मका साना विकास परियोजनामा 'अर्थ मन्त्रालयलाई सूचना दिएर मात्रै' अनुदान सहयोग गर्ने प्रक्रिया थालेको छ ।

मन्त्रिपरिषद्को ६ महिनाअघिको निर्णयअनुसार दूतावासले ६७ स्थानीय तहमा ६७ वटा साना विकास परियोजनामा करिब ३ अर्ब रूपैयाँ अनुदान सहयोग गर्ने प्रक्रिया सुरू गरेको छ । मन्त्रिपरिषद्ले करिब ६ महिनाअघि निर्णय गरी अर्थ मन्त्रालयका सिफारिसका साना विकास परियोजनामा मात्र दूतावासलाई सहयोग गर्न आग्रह गरेको थियो । भारतीय साना सहयोगका परियोजना अर्थको सिफारिसमा छनोट हुन थाले पनि ती मुलुकको बजेटरी सिस्टम र रातो किताबमा आउने छैनन् । दूतावासले अर्थबाट सिफारिस भएकामध्ये आफूले रोजेका परियोजनामा सहयोग गर्ने प्रक्रिया अघि बढाएको जानकारी अर्थ मन्त्रालयका अधिकारीले दिए । दूतावासले आगामी आवमा स्थानीय तहमा विद्यालय, अस्पताल भवन, पुल, कल्भर्ट, पुस्तकालय भवन निर्माण तथा दमकल, ब्रूमर र क्रेन खरिद गर्न झन्डै ३ अर्ब रूपैयाँ अनुदान सहयोग गर्ने भएको छ । स्थानीय तहबाट माग भई अर्थ मन्त्रालयबाट सिफारिस भएका ती परियोजनामा दूतावासले कम्तीमा २ करोड ९ लाखदेखि बढीमा ५ करोड रूपैयाँका दरले सहयोग गर्न लागेको छ । धेरैजसो परियोजना ५ करोड रूपैयाँ हाराहारी लागतका छन् । दूतावासले ती परियोजनाका लागि प्रस्तावित सहयोग रकम स्वीकृत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई हालै पत्र पठाई आवश्यक कागजात मागेको छ ।

## आर्थिक समाचार

### प्राइम बैंकद्वारा कर्णाली प्रदेशका स्वास्थ्यकर्मीहरुलाई पीपीई प्रदान

काठमाडौं । प्राइम कमर्सियल बैंक लिमिटेडले कर्णाली प्रदेशका स्वास्थ्यकर्मीहरूलाई पीपीई प्रदान गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कर्णाली प्रदेशका बिभिन्न अस्पताल तथा स्वास्थ्य केन्दहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको लागि ५० थान पि.पि.ई. प्रतिनिधिसभा सदस्य जनार्दन शर्मालाई बैंकका अध्यक्ष राजेन्द्र दास श्रेष्ठले हस्तान्तरण गरेका छन् ।

### भारतमा सामाजिक दूरी कायम गराउन १० हजार छाता वितरण

नयाँ दिल्ली । भारतको दक्षिणी राज्य केरलाको एक गाउँमा सामाजिक दूरी कायम गराउन स्थानीयलाई १० हजार छाता वितरण गरिएको छ । एक स्थानीय अधिकारीले भने, 'कोभिड-१९ को संक्रमण नियन्त्रणका सामाजिक दूरी कायम गराउन र गर्मीमा र चाँडै वर्षा सुरू हुने भएकाले छाता वितरण गरिएको छ ।' छाता ओढ्दा मानिसहरू नजिक आउन नपाउने र कम्तीमा एक मिटरको दूरी कायम हुने भएकाले छाता वितरण गरिएको बताइएको छ । स्थानीय अधिकारी पीएस ज्योथीका अनुसार हरेकलाई दुईवटा मास्कसमेत वितरण गरिएको छ । महिला छिमेकी समूहले केरलामा एक लाख मास्क उत्पादन गरेका छन् । जसलाई स्थानीय तहमा वितरण गरिएको हो । केरलामा कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि केरलाले विभिन्न नयाँ नयाँ उपायहरू अपनाइएको छ ।

### भारतको मध्य प्रदेशमा पीपीई उत्पादन सुरू

नयाँ दिल्ली । कोरोना भाइरसको महामारीले व्यक्तिगत सुरक्षा पोषाक ( पीपीई) अभाव भएपछि भारतको मध्य प्रदेश सरकारले पीपीई उत्पादन सुरू गरेको छ । मध्य प्रदेश राज्य राज्य सरकारका अनुसार त्यहाँ दैनिकरूपमा १२ हजार व्यक्तिगत सुरक्षा पोशाक (पीपीई) उत्पादन सुरू भएको छ । यसको व्यवस्थापन गर्ने जिम्मा प्रादेशिक औद्योगिक केन्द्रलाई दिइएको छ । कोरोनाभाइरसको महामारी शुरू भएदेखि मध्य प्रदेश राज्यमा अहिलेसम्म झण्डै एक लाख ५० हजार पीपीई उत्पादन भइसकेको छ । उत्पादन भएकामध्ये करिब ७५ हजार पीपीई इन्दौर र भोपालमा पठाइएको प्रादेशिक औद्योगिक विकास केन्द्रका प्रवन्ध निर्देशक कुमार पुरूषोत्तमले जानकारी दिए । मध्य प्रदेशका मुख्यमन्त्री शिवराज सिंह चौहानले रक्षा अनुसन्धान तथा विकास संगठनले अनुमोदन गरेर पीपीई उत्पादन गर्न थालिएको जानकारी दिए । कोरोनाभाइरसबाट सङ्क्रमणको आशंका गरिएका वा सङ्क्रमण भएका विरामीहरूलाई उपचार गर्ने स्वास्थ्यकर्मीहरूले पीपीई लगाइने गरिएको छ । भारतको मध्य प्रदेशमा मात्रै दैनिक दश हजार पीपीईको माग हुँने गरेको बताइएको छ ।

# भारतमा प्लाज्मा थेरापीबाट कोरोना संक्रमितको उपचार गरिने

काठमाडौं । भारतमा प्लाज्मा थेरापी माध्यमबाट कोरोना भाइरस (कोभिड-१९) को उपचारको परीक्षण सुरू भएको छ । नयाँ दिल्लीस्थित म्याक्स अस्पतालको भेन्टिलेटरमा रहेका गम्भीर बिरामीमाथि यो परीक्षण सुरू गरिएको हो । उनमा थेरापीको प्रभाव सकारात्मक देखिएको र उनको स्वास्थ्यमा सुधार आइरहेको इन्डिया टुडेले जनाएको छ । म्याक्स हेल्थकेयरका क्लिनिकल निर्देशक डाक्टर सन्दीप बुधिराजा जीवन मृत्युको लडाइँ लडिरहेका बिरामीको परिवारले यो उपचारको लागि आग्रह गर्दा अहिलेसम्म प्रमाणित नभएको यो उपचार पद्धतिको प्रयोग गर्न सकिने बताउँछन् । यद्यपि यो उपचार पद्धतिबाट केही मुलुकमा भने सकारात्मक नतिजा देखिसकेको छ । प्लाज्मा मानिसको रगतको एक भाग हो । यसमा कोरोना भाइरसविरूद्ध लड्न सक्ने एन्टिबडी हुन्छ । यस्तोमा कोरोना भाइरसबाट निको भएका मानिसको प्लाज्मालाई निकै महत्वपूर्ण मानिएको छ । निको भएका व्यक्तिबाट लिइएको प्लाज्मा यो रोगका गम्भीर बिरामीलाई दिइन्छ । यसमा रहेको एन्टिबडीले बिरामीको रोग प्रतिरोधी क्षमता बढाउने विश्वास लिइएको छ । अप्रिल १४ मा पहिलोपटक भारतमा म्याक्स अस्पतालका चिकित्सकहरूले प्लाज्मा थेरापी प्रयोग गरेका थिए । त्यसको चार दिनपछि बिरामीलाई भेन्टिलेटरबाट सामान्य वार्डमा सारिएको थियो । यद्यपि यसबारे निकै सचेत हुनेपर्ने बुधिराजा बताउँछन् । उनले यो कुनै जादुको गोली नभएको र यसले बिरामीलाई छिटो निको पार्न सघाउ मात्र पुऱ्याउने भएकाले अन्य उपचार जारी राख्नुपर्ने बताए । अहिले इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चले यसको परीक्षण गरिरहेको छ । अहिले यो परीक्षण दुई सरकारी अस्पतालका पाँच सयभन्दा धेरै मानिसमा सुरू भएको छ । प्लाज्माको उपचार गम्भीर र मोडेरेट बिरामीलाई दिइनेछ ।

# भारतमा मई ३ पछि पनि लकडाउन बढाउन सुझाव

नयाँ दिल्ली भारतमा लकडाउनको दोस्रो चरण मइ ३ मा सकिँदैछ । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार विभिन्न राज्यका मुख्यमन्त्रीहरूसँग लकडाउनको स्थितिको बारेमा समीक्षा गरेका छन् । भिडियो कन्फरेन्सको माध्यमबाट गरिएको बैठक करीब ३ घण्टा चलेको थियो । समयको पाबन्दीका कारण मात्र ९ जना मुख्यमन्त्रीहरूले बोल्ने समय पाएका थिए ।

मेघालयका मुख्यमन्त्री कोनराड संगमाले आफ्नो राज्यमा लकडाउन ३ मेपछि पनि जारी राख्न चाहेको बताए । यद्यपि, ग्रीन जोन क्षेत्रलाई केही छुट दिइने उनले उल्लेख गरे । ओडिशा र गोवाका मुख्यमन्त्रीले पनि लकडाउनको अवधि बढाउन सुझाव दिए ।

लकडाउनको दोस्रो चरण ३ मेमा सकिन अघि नै अर्थव्यवस्थामा सुधार ल्याउन केन्द्र सरकारले ३० र २५ अप्रिल गरेर दुईपटक लकडाउनमा छुट दिइसकेको छ । यद्यपि, कहाँ-कहाँ पसल खोल्ने र आर्थिक गतिविधि सुरू गर्ने फैसला राज्य सरकारमा छोडिएको छ ।

बैठकमा प्रधानमन्त्री मोदीले लकडाउनको नतिजा सकारात्मक रहेको र डेढ महिनामा आफूहरूले हजारौँको जीवन रक्षा गर्न सफल भएको जिकिर गरेका थिए । उनले कोरोनाभाइरसको संकट अझै नटलेको यो केही महिना अझै कायम रहने बताएका थिए । उनले अब देशको अर्थव्यवस्थामा पनि ध्यान दिनुपर्ने बताउँदै प्रविधिको अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिए ।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बैठकमा भाग लिएर सबैलाई चकित पारिन् । बैठकमा ठूला राज्यलाई बोल्ने अनुमति नदिएकोमा मोदीप्रति उनी असन्तुष्ट रहेको बताइएको छ ।

पुडुचेरीका मुखमन्त्री वी नारायाणसामीले अधिकांश भाजपा शासिन राज्यका मुख्यमन्त्रीहरू लकडाउन बढाउने पक्षमा रहेको बताए । उनीहरूले आर्थिक गतिविधि बिस्तारै सुरू गर्नुपर्ने सुझाव दिएका थिए । यसअघि गत ११ अप्रिलमा मोदी र मुख्यमन्त्रीहरूबीच छलफल भएको थियो ।

# बलिउड अभिनेता ऋषि कपुरको निधन

काठमाडौं । बलिउडका चर्चित अभिनेता ऋषि कपुरको ६७ वर्षको उमेरमा बिहीबार निधन भएको छ । क्यान्सरबाट पीडित ऋषि कपुर अस्वस्थ भएपछि बुधबार अस्पताल भर्ना गरिएको थियो ।

ऋषिलाई क्यान्सर र स्वासप्रश्वाससम्बन्धी समस्या थियो । अमेरिकामा करिब एक वर्षसम्म क्यान्सरको उपचार गराएपछि उनी गत वर्ष सेप्टेम्बर महिनामा भारत फर्किएका थिए । फेब्रुअरी महिनामा पनि स्वास्थ्य बिग्रिएपछि उनलाई दुई पटकसम्म अस्पताल भर्ना गर्नु परेको थियो ।

बुधबारमात्रै बलिउडले एक चर्चित अभिनेता इरफान खानलाई गुमाएको थियो । ऋषि कपुर दिग्गज अभिनेता राज कपुरको छोरा हुन् । उनले आफ्नो फिल्मी करियर सन् १९७३ मा बबी फिल्मबाट सुरू गरेका थिए ।

उनले श्री ४२० र मेरा नाम जोकरमा बाल कलाकारको भूमिका पनि निर्वाह गरेका थिए । उनले अन्तिम फिल्म 'द बडी'मा काम गरेका थिए । प्राय: सामाजिक सन्जालमा सक्रिय हुने उनले नायिका दीपिका पादुकोणसँग हलिउडको हिन्दी रिमेक फिल्म 'द इन्टर्न'मा काम गर्ने बताएका थिए ।

# कुपोषणबाट बचाउन भोरद्वारा विशेष पोषण सप्लिमेन्टल प्याकेज योजना

काठमाडौं । कोरोना विश्वव्यापी महामारीको कारण नेपालमा एक महिना भन्दा बढीको लकडाउनले गर्दा श्रमिक, अति विपन्न, दलित, अभावमा रहेका तथा पहुंच नभएका परिवारहरू भोकमरीको शिकार भई रहेका छन् ।

त्यसमा पनि पोषणको बढी आवश्यकता रहेका समुहहरू गर्भवती महिला, सुत्केरी महिला, स्तनपान गराउने आमा, पांच वर्षमुनिका बालबालिका र किशोरीहरू झनै बढी जोखिममा रहेका छन् ।

तसर्थ, लकडाउनले गर्दा खाधान्न अभाव उत्पन्न भएको अति विपन्न परिवारका उक्त पांच वटा लाभान्वित समुहलाई कुपोषण हुनबाट बचाउन भोरले विषेश पोषण सप्लिमेन्टल प्याकेजको योजना अगाडी ल्याएको छ ।

यो विषेश पोषण सप्लिमेन्टल प्याकेज विषेशत: गर्भवती महिला, सुत्केरी महिला, स्तनपान गराउने आमा, पांच वर्षमुनिका बालबालिका र किशोरीहरूलाई कुपोषणबाट बचाउन तयार गरीएको हो ।

तसर्थ, अति विपन्न परिवारका उक्त ५ वटा लाभान्वित समुहलाई यो पोषण सप्लिमेन्टल प्याकेज प्रदान गरिने छ । यो विषेश पोषण सप्लिमेन्टल प्याकेजको शुरूवात नेपालको सात वटै प्रदेशको एउटा स्थानीय तहको एउटा वडा बाट गरिनेछ । तत्पश्चात श्रोतको उपलब्धता र सहयोग प्राप्तीको आधारमा यसलाई बिस्तार गरिनेछ ।

साथै, देशका ७५३ वटा स्थानीय सरकार, ७ वटा प्रदेश सरकार तथा १ वटा संघीय सरकार र विकासका साझेदार संस्था, नीजि क्षेत्र, संचार क्षेत्र, कला क्षेत्र, नागरीक समाज र समाजसेवीलाई पनि उक्त प्याकेजलाई सोही रूपमा वा परिमार्जीत रूपमा थप बिस्तार गर्न पैरवी तथा प्राविधिक सहयोग गरिनेछ ।

यस विषेश पोषण सप्लिमेन्टल प्याकेजमा तपसिल बमोजिमका १६ प्रकारका सामाग्रीहरू समावेश गरीएको छ ।

१. चामल (ब्राउन राइस, बिना पोलिसको उपलब्ध भएसम्म) २. मुगको दाल ( उपलब्ध भएसम्म)
३. सरसोको शुद्ध तेल ४. ज्वानो
५. गेडागुडी वा क्वांटी ६. सर्वोत्तम पिठो बनाउने खाध्य सामाग्री
७. अण्डा (मांसाहारीको लागि मात्र) ८. हरियो तरकारी तथा सागपात
९. फलफुल - स्थानीयरूपमा उपलब्ध
१०. आयोडिन भएको नुन
११. भिटामिन ए क्याप्सुल १२. अलबेन्डाजोल ट्याब्लेट
१३. स्यानिटरी प्याड १४. आइरन चक्कि
१५. कण्डम १६. म्यूयाक टेप

विषेश पोषण सप्लिमेन्टल प्याकेजका १६ सामाग्रीहरूलाई गर्भवती महिला, सुत्केरी महिला, स्तनपान गराउने आमा, पांच वर्षमुनिका बालबालिका र किशोरी गरी पांच समुहमा वर्गीकरण गरी तपसिल बमोजिमको प्याकेज र प्रति व्यक्ति परिमाण तय गरिएकोछ । हाललाई यो विषेश पोषण सप्लिमेन्टल प्याकेज प्रत्येक लाभान्वित समुहलाई अगामी लकडाउनसम्म पुग्ने गरी १० दिनकोलागि प्रदान गरिनेछ ।

यो विषेश पोषण सप्लिमेन्टल प्याकेज प्रदान गर्दा अति विपन्न तथा अभावमा रहेका परिवार पहिचान गरी प्रत्येक लाभान्वित समुहलाई प्रति व्यक्तिको आधारमा वितरण गरिनेछ । यो प्याकेज वितरण गर्दा तपसिल बमोजिमका आधारहरूलाई अनिवार्य रूपमा पालन गर्नु पर्ने हुन्छ ।

१. सम्बन्धित स्थानीय सरकार सित समन्वय र अनुमति लिएर मात्र यसको वितरण गरिनु पर्ने हुन्छ । वितरण गर्दा सम्बन्धित वडा कार्यालयका अध्यक्षको अनिवार्य उपस्थिती मिलाउनु पर्ने हुन्छ ।

२. सम्बन्धित वडाका महिला स्वास्थ्य स्वंय सेविकाको समन्वय तथा संलग्नतामा माथि उल्लेख गरीएका पांच लाभान्वित समुह ( गर्भवती महिला, सुत्केरी महिला, स्तनपान गराउने आमा, पांच वर्ष मुनिका बालबालिका र किशोरी) को पहिचान गर्न सकिनेछ । साथै स्थानीय सरकारका वडा अध्यक्ष, वडा सदस्य, नागरीक समाज, संचारकर्मी तथा युवाहरूको संलग्नतामा उक्त लाभान्वित समुह पहिचान गर्न सकिनेछ ।

३. प्याकेज वितरण गर्दा अति विपन्न तथा अभावमा रहेका परिवारलाई प्राथमिकता र अनिवार्यता गरिनेछ ।

४. प्याकेज वितरण गर्दा स्थानीय स्तरमा उपलब्ध सामाग्रीहरू खरिद गरी स्थानीय मनकारी व्यक्ति वा संघ संस्थाको संयोजन, सहजीकरण तथा व्यवस्थापनमा वितरण गर्नु पर्ने आवश्यकता रहेकोले स्थानीय स्तरमा उपलब्धताको आधारमा प्याकेजको सामाग्री परिमार्जन हुन सक्छ । तर प्याकेजको सामाग्रीहरूको गुणस्तरमा कुनै पनि हालतमा समझौता गर्न मिल्दैन ।

५. यो विषेश प्याकेज वितरण गर्नु भन्दा पहिले स्थानीय सरकार तथा सम्बन्धित सरोकारवालाहरूको समन्वयमा प्याकेज वितरण गरिने लाभान्वित समुहको विस्तृत विवरण सहितको लिस्ट तयार गरिनु पर्नेछ । उक्त लिस्ट वितरण गर्नु अगाडी स्थानीय सरकारको स्वीकृत स्वरूप हस्ताक्षर गराई भोरलाई जानकारी गराईनु पर्ने हुन्छ ।

६. प्याकेज वितरण गर्दा प्याकेज प्राप्त गर्ने व्यक्तिको भरपाई (हस्ताक्षर वा औठा छाप) अनिवार्य रूपमा गराउनु पर्ने हुन्छ । साथै वितरण गरिएको केही गुणस्तरीय फोटो तथा केही भिडियो क्लिपहरू पनि लिनु पर्ने हुन्छ । उक्त भरपाई, फोटो र भिडियो क्लिपहरू भोरलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

७. प्याकेज वितरण सम्बन्धि जानकारी स्थानीय तथा राष्ट्रिय अन्तरराष्ट्रिय संचार माध्यम तथा सामाजिक संजालमा सम्प्रेशन गरिनेछ जसले थप श्रोत संकलनमा मदत पुग्ने छ । साथै यसले वितरणको पारदर्शिता पनि प्रस्तुत गर्नेछ ।

यस विषेश पोषण सप्लिमेन्टल प्याकेज वितरणको संयोजन तथा व्यवस्थापन तपसिल बमोजिमका संस्था तथा व्यक्तिहरूको संयूक्त सहकार्यमा हुनेछ । सात प्रदेश, सात पालिका र सात संयोजन तथा व्यवस्थापन फोकल प्वाइन्ट

प्रदेश १: विराटनगर महानगरपालिका ( दहेज मुक्त मिथिला, वन्दना चौधरी)
प्रदेश २: चन्द्रनगर गांउपालिका (एसडिजि मोडेल भिलेज, उमेश कुमार साह)
बागमती प्रदेश स हेटौडा उपमहानगरपालिका (परोपकारी युवा संजाल, रमेश सापकोटा)
गण्डकी प्रदेश स पोखरा महानगरपालिका (सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, रवि मोहन भण्डारी)
प्रदेश ५: बाणगंगा नगरपालिका (किडस नेपाल, विनिता पोखरेल)
कर्णाली प्रदेश स बिरेन्द्रनगर नगरपालिका (सरोकार समाज नेपाल, तिलक पौडेल)
सुदूरपश्चिम प्रदेश स धनगढी उपमहानगरपालिका (पश्चिम टुडे दैनिक, दीर्घराज उपाध्याय)

# भारतमा चिनियाँ परीक्षण कीटको प्रयोगमा रोक

नयाँ दिल्ली । भारतको भारतीय चिकित्सा अनुसन्धान परिषद ( आईसीएमआर) ले राज्य र केन्द्र शासित प्रदेशलाई चीनबाट प्राप्त गरेको तीव्र एन्टिबडी कोभिड-१९ परीक्षण किटहरूको प्रयोगमा रोक लगाएको छ । यो कीटले दिने नतिजामा भिन्नता आएको भन्दै प्रयोगमा रोक लगाइएको हो । भारतले दुई चिनियाँ कम्पनीहरू, गुआन्झाउ वन्डफो बायोटेक र लिभोन डायग्नोस्टिक्सबाट करीव पाँच लाख तीव्र एन्टिबिड टेस्ट किटहरू किनेको थियो । तिनीहरूलाई कोरोनाभाइरस संक्रमणको बढ्दो घटना रिपोर्ट गर्ने धेरै राज्यहरूमा वितरण गरिएको थियो ।

दुई चिनियाँ कम्पनीले आपूर्ति गरेको उपकरणको प्रभावकारितामा व्यापक भिन्नता पाएपछि प्रयोगमा रोक लगाएको आईसीएमआरले जनाएको छ । यसका लागि आईसीएमआरले सबै राज्यहरू र केन्द्र शासित प्रदेशहरूको मुख्य सचिवहरूसँग कुराकानी गरेको पनि जनाएको छ ।

छलफलपछि राज्य र केन्द्र शासित प्रदेशहरूलाई किटहरू फिर्ता गर्न अनुरोध पनि गरेको छ । राजस्थान र पश्चिम बंगाललगायत धेरै राज्यहरूले टेस्ट किटको गुणस्तरको बारेमा गुनासो गरेपछि आईसीएमआरले उनीहरूलाई अस्थायी रूपमा प्रयोग नगर्न भनेको थियो ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं